वैदेशिक रोजगारमा जाने निर्णय गरिसक्नु भएको छ भने स्काफ फोल्डिङ, सटरिङ कार्पेन्ट्री, आक वेल्डिङ,क्लिनर, स्टिल फिक्चर, वेटर हाउस किपिङ, प्लम्बर, विल्डिङ इलेक्ट्रिसियन र सेक्युरिटी गार्डको तालि नि:शुल्क प्राप्त गर्न सक्नुहुनेछ ।

जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की
फोन : ०६१-४६४४२५

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ८ ○अंक १४६ ○श्रेणी 'क' ○२०७२ फाल्गुन १७ गते सोमवार ○ 29 Feb. 2016 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।
सम्पर्क : ०६१-५३९४५५

कांग्रेसले प्रादेशिक संरचना लागू गर्ने

काठमाडौं १६ फाल्गुन ।

नेपाली कांग्रेसको १३औं महाधिवेशनमा पार्टीको विद्यमान अञ्चलस्तरीय संरचनालाई संशोधन गरी प्रादेशिक संरचनामा रुपान्तरण गरिने भएको छ । कांग्रेसमा संस्थापन र वरिष्ठ नेता शेरबहादुर देउवा पक्षबीच विधान संशोधन गर्ने वा नगर्ने विषय पोंचिलो बन्दै गएका बेला अन्ततः अञ्चल संरचनालाई मात्र संशोधन गर्ने सहमति भएको छ । कांग्रेस केन्द्रीय समितिको आइतबार भएको बैठकले विधानमा हाल कायम प्रत्येक अञ्चलबाट एक जना केन्द्रीय सदस्य निर्वाचन हुने प्रावधानलाई संशोधन गर्ने निर्णय गरेको केन्द्रीय सदस्य गगन थापाले जानकारी दिए । आगामी महाधिवेशनमा अञ्चलस्तरीय संरचनालाई संशोधन गरी प्रादेशिक संरचना बनाईने र प्रत्येक प्रदेशबाट दुई जनाका दरले केन्द्रीय सदस्य निर्वाचन हुने प्रावधान राखिने सहमति भएको उहांले जानकारी दिए । प्रदेशबाट छनोट हुने केन्द्रीय सदस्यका लागि पनि मतदान भने देशभरिका सबै महाधिवेशन प्रतिनिधिले गर्ने अर्का केन्द्रीय सदस्य राजनपसाद पन्तले जानकारी दिए उनले प्रदेशबाट एक जना महिला पनि निर्वाचित गर्नुपर्ने भन्ने प्रस्ताव अनौपचारिक रुपमा आए पनि अहिले अन्य संशोधनतर्फ नलाग्दिएकाले महिलाको कोटा थप्ने विषयमा पनि प्रवेश गरिएको बताए । पार्टीले आएको भएको संशोधन पछि पनि केन्द्रीय कार्यसमितिको कुल सङ्ख्या र आकारमा भने कुनै फरक नपर्ने भएको छ । कांग्रेस केन्द्रीय कार्यसमिति ८५ सदस्यीय रहेको छ । बैठकले सङ्गठनको पुनःसंरचना र पदाधिकारी थप्ने विषय महाधिवेशनपछि हुने महासमितिको बैठकलाई दिने निर्णय पनि भएको पन्तले जानकारी दिए ।

कास्कीबाट दर्जन आकांक्षी

नेपाली कांग्रेसको आशन्न १३औं महाधिवेशनमा कास्की जिल्लाबाट महाधिवेशन प्रतिनिधि बनेका मध्ये करिब १ दर्जन महाधिवेशन प्रतिनिधिले केन्द्रीय सदस्य बन्ने चाहना गरेका छन् । यसका लागि उनीहरुले प्रत्यक्ष र अप्रत्यक्ष रुपमा प्रचार-प्रसार र विभिन्न गुट-उपगुटमा पर्न नेताहरुसंग दौडाहा गरिरहेका छन् । कास्कीबाट कांग्रेसका पूर्व महामन्त्री एवं पूर्व सभामुख तारानाथ रानाभाटदेखि नयाँ पुस्ताका गुरु बरालसम्मले उम्मेदवारी दिने चर्चा चलाएका छन् । जसअनुसार क्षेत्र नं. १ बाट नेता रानाभाट, हालका केन्द्रीय सदस्य एवं सांसद जीवन परियार, निवर्तमान जिल्ला सभापति एवं सांसद यज्ञबहादुर थापा र नेता बुद्धिमान गुरुङ केन्द्रीय सदस्यको दौडमा लागेका छन् । क्षेत्र नं. २ बाट सांसद शारदा पौडेल र युवा गुरु बराल, क्षेत्र नं. ३ बाट शोभियतबहादुर अधिकारी, देवराज चालिसे र सांसद वृन्दा राना मगर तथा क्षेत्र नं. ४ बाट पूर्व राज्यमन्त्री महादेव गुरुङ, पूर्व सांसद शुकराज शर्मा र देवेन्द्र शेरचनले विभिन्न कोटाबाट उम्मेदवारी दिने सोंच बनाएका छन् । जसमध्ये खुल्ला, महिला, जनजाति, अल्पसंख्यक र प्रदेशको तर्फबाट केन्द्रीय सदस्य बन्न चाहनेहरु कासकीमा धेरै छन् । महाधिवेशनको चुनावी समयसम्म उल्लेखित आकांक्षी मध्ये आधा भन्दा बढी घटने अनुमान पनि गरिएको छ । आफूलाई बलियो पार्नका लागि यतिबेला आकांक्षीहरु कांग्रेसको विभिन्न खेमाका नेताहरुसंग भेटघाटमा व्यस्तछन् । पाएसम्म बलियो खेमाको सूचीमा आफ्नो नाम पार्ने र सम्भव नभएमा कमजोर खेमामा परेर भएपनि चुनावमा जाने सोंचमा धेरैजना देखिएका छन् ।

विन्ध्यवासिनीका रोकिएका बसहरू संचालनमा

गोल्डेन न्यूज संवाददाता
पोखरा १६ फाल्गुन ।

पोखरा नगर क्षेत्रमा सञ्चालन हुने गरी रुट ईजाजत पाएर सञ्चालन सुरुवात गरेको नयाँ बस कैहिदिन थन्किएर पुनः चल्न थालेको छ । माघ २२ बाट सेवा सुरु गरेको विन्ध्यवासिनी बस व्यवसायी समिति अन्तर्गतका तीन वटा बस बीचमा ९ दिन थन्किएपछि आईतबारबाट पुनः संचालनमा आएको हो ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्की र छोरेपाटन प्रहरी चौकीको आडमा बैवारिसे अवस्थामा छोडिएका बस पुनः सञ्चालनमा आएको समितिका सचिव रामचन्द्र अधिकारीले जानकारी दिए । रुट व्यवस्थापनको विषयमा सहमति हुन नसक्दा बस ९ दिनसम्म थन्किएको थियो । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको निर्देशनपछि यातायात व्यवस्था विभागको पत्रको आधारमा यातायात व्यवस्था कार्यालय गण्डकीबाट माघ १८ गते रुट ईजाजत पाएको नयाँ समितिले माघ २२ गते सेवा सुरु गरेको थियो ।

नयाँ बस सञ्चालनमा आएपछि पुराना व्यवसायीले गरेको आन्दोलनपछि जिल्ला प्रशासन कार्यालयमा फागुन ६ गते चार बुँदे सहमति भएको थियो । सो अवसरमा तीन दिनभित्र रुट व्यवस्थापन गर्ने सहमति भएपनि नयाँ व्यवसायीले फागुन ८ गते आफ्ना बस प्रहरी चौकी अगाडि लगेर बैवारिसे छोडेर हिडेका थिए । यो बीचमा नयाँ र पुराना व्यवसायीबीच रुट व्यवस्थापनको विषयमा धपै पटक छलफल भएपनि सहमति भने हुन सकेको छैन । नयाँ व्यवसायीले सञ्चालन सुरु गरेको छोरेपाटनदेखि लामाचौर रुटमा सञ्चालन गर्ने र तीन वटै बस एउटै रुटमा चलाउन पाउनुपर्ने अडान राखेका छन् । पुराना व्यवसायीले नयाँ बसलाई रुट दिनका लागि दुई वटा विकल्प प्रस्ताव गरेका थिए ।

यातायात व्यवसायी राष्ट्रिय महासंघ गण्डकीले यातायात कार्यालय गण्डकीलाई बोधार्थ बनाएर प्रमुख जिल्ला अधिकारीलाई फागुन ९ गते लेखेको पत्रमा नयाँ समितिलाई दुई वटा रुट प्रस्ताव गरेको छ । जस अनुसार हल्लनचोक देखि पामे घाटीछिना सम्म वा पृथ्वीचोकदेखि पार्दी, विरौटा हुदै खाडेखोला सम्म सञ्चालन गराउन भनिएको छ । सुरुमा पुराना व्यवसायीको प्रस्ताव नमानेका उनिहरुले पृथ्वीचोकदेखि पार्दी, विरौटा हुदै खाडेखोला रुटमा बस सञ्चालन सुरु गरेका हुन् ।

'शान्ति कायम गर्न सरकार प्रयासरत'

गोल्डेन न्यूज संवाददाता
पोखरा १६ फाल्गुन ।

नेपाल सरकारका गृहमन्त्री शक्तिबहादुर बस्नेतले संविधान कार्यान्वयन नै अहिले सरकारको प्रमुख कार्यभार रहेको बताएका छन् क्रान्तिकारी पत्रकार सङ्घ, ४ नं प्रदेशस्तरीय भेला तथा प्रशिक्षण कार्यक्रमको पोखरामा उदघाटन गर्दै उनले संविधानको कार्यान्वयन संगसंगै मुलुकको आर्थिक समृद्धि, सुशासन र शान्ति कायम गर्न सरकार प्रयासरत रहेको बताए । उनले पत्रकार जगत्‌ले पनि पत्रकारिताको माध्यमबाट नेपाली समजलाई सही बाटामा अगाडि बढाउन अहम् भूमिका खेल्नुपर्नेमा जोड दिए ।

नाकाबन्दीको भ्रममा नपर्न उपप्रम रावलको आग्रह

गोल्डेन न्यूज संवाददाता
पोखरा १६ फाल्गुन ।

नेपाल सरकारका उप-प्रधानमन्त्री भीमबहादुर रावलले देशमा फेरि नाकाबन्दी हुँदैछ भन्ने हल्ला मात्रै भएको र यसमा कुनै सत्यता नभएको बताएका छन् । प्रेस चौतारी नेपाल काश्कीले आइतबार पोखरामा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा उनले पाँच महिनादेखिको असहज अवस्थालाई सहज बनाउन धेरै गुणा पेट्रोलियम पदार्थ आपूर्ति गर्नुपरेकाले केही समय असहज अवस्था रहने बताए ।

भारतीय आयल कर्पोरेसन र भारत सरकारका उच्चपदस्थ पदाधिकारीले नेपाललाई चाँहिए जति पेट्रोलियम पदार्थ दिने आश्वासन दिएको जानकारी गराउँदै उपप्रधानमन्त्री रावलले आपूर्ति व्यवस्थालाई सामान्य बनाउन सरकार प्रयासरत रहेको स्पष्ट पारे । अर्को प्रसङ्गमा उनले संविधान कार्यान्वयनमा आइपर्ने चुनौतीसँग जुध्न नेपाली कांग्रेस लगायत सबै राजनीतिक शक्तिसँगै अघि बढ्नुको विकल्प नभएको बताउँदै अब कसैले आन्दोलन गर्छु भन्दैमा त्यसलाई नेपाली जनताले साथ नदिने विश्वास व्यक्त गरे ।

स्थानीय निकायको निर्वाचन लामो समयसम्म हुन नसक्दा त्यसमा जाने ठूलो हिस्साको बजेट रामरी सदुपयोग हुन नसकेको सबै राजनीतिक दलसँग छलफल गरेर निर्वाचनको मिति घोषणा गर्ने तयारीमा सरकार रहेको जानकारी पनि उनले गराए ।

रक्षामन्त्री रावलले भने-"नेपाल सरकार भारत चीन दुवै देशसँग समुधुर सम्बन्ध कायम गरेर दुवैबाट पारवाहन सुविधा लिन अघि बढेको छ ।" उनले जलाश्ययुक्त घुर्पे जलविद्युत् आयोजना अगाडि बढाएर ऊर्जा सङ्कट अन्त्य गरिने पनि बताए ।

तुरून्त आवश्यकता

पश्चिमाञ्चलकै लोकप्रिय पत्रिका गोल्डेन न्यूज दैनिक र सामुदायिक रेडियो सुनौलो एफ.एम. १०१.२ मेगाहर्जका लागि केही कर्मचारीहरु आवश्यक परेको हुँदा योग्य, इच्छुक र अनुभवी व्यक्तिले सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र सम्पर्क राख्नुहोला।

क्र.सं.	पद	संख्या	पारिश्रमिक
१.	समाचार सम्पादक	१ जना	न्यूनतम् १०,०००।-
२.	मार्केटिङ अफिसर	२ जना	न्यूनतम् १०,०००।-
३.	कम्प्युटर सहायक	१ जना	न्यूनतम् ७५००।-
४.	समाचार वाचक	२ जना	न्यूनतम् ६०००।-
५.	संवाददाता	केही	श्रमजीवि ऐनअनुसार

सम्पर्क
गोल्डेन न्यूज दैनिक तथा सुनौलो एफ.एम.को कार्यालय
सुनौलो भवन, मानवअधिकारचोक, चिप्लेढुङ्गा, पोखरा
फोन : ०६१-५३५४५५,५३२४४३३,५३२४४६

फिस्टेल अस्पतालमा तनाव

गोल्डेन न्यूज संवाददाता
पोखरा १६ फाल्गुन ।

उपचारमा चिकित्सकको लापरवाहीले बिरामीको मृत्यु भएको भन्दै मृतकका आफन्तले पोखराको फिस्टेल अस्पतालमा घेराउ गरेका छन् । उनीहरुले उचित क्षतिपूर्ति माग गर्दै उपचारमा संलग्न चिकित्सकलाई कडा भन्दा कडा कार्वाहीको माग गरेका छन् । स्याङजा क्यामी घर भै हाल पोखरा १८, छिनेडाँडा बस्दै आएका ४ वर्षे जैनिस आलेको गएराति उपचारका क्रममा मृत्यु भएको हो । अस्पतालले बिरामीको बेन ट्युमरका कारण मृत्यु हुन गएको दावी गरेको छ । शुक्रबार सकुशल अवस्थामा आमा फूलु आलेको साथ गैडाघाटनस्थित अस्पताल पुगेका जैनिस बाबुआमाका एकमात्र छोरा हुन् । उनको दिदी छन् बाबु वैदेशिक रोजगारको सिलसिलामा कोरिया रहेको आफन्तले जनाएका छन् ।

कर्मचारी आवश्यकता

पोखराको न्यूरोडमा रहेको प्रतिष्ठित रेष्टुरेन्ट आँगन रेष्टुरेन्टका लागि एक महिला क्यासियर आवश्यक परेको हुँदा इच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला ।

शैक्षिक योग्यता : +२ वा सो सरह
अनुभव : कम्प्युटर चलाउन जान्ने, अंग्रेजी, हिन्दी राम्रोसंग बोल्न जान्ने ।
सम्पर्क : आँगन रेष्टुरेन्ट
न्यूरोड, पोखरा, फोन : ०६१-५३१६८३, ५३१८४१

BABIN TAILORING
Shirting & Suiting
बबिन टेलरिङ्ग मै किन ?
☞ तपाईले खोजेका कुनैपनि मुगलतरीय डाण्डका कपडाहरुका लागि,
☞ तपाईले भनेको समयमा आकर्षक एवम् मुगलतरीय सिलाईका लागि,
☞ आकर्षक तथा आधुनिक डिजाइनका लागि,
☞ आकर्षक कोटका लागि मुगलतरीय पेस्टिङ्ग मेशिन प्रयोग गरिने,
☞ यहाँको माया, सद्भाव र विश्वासको बिस्तारताको लागि,
☞ अफिस, बैंक, कलेज, स्कूल र विद्यालयका सम्पूर्ण पोशाकका लागि ।
हाम्रो थाप्ले धर्मै बबिन टेलरिङ्गमा सिलाई भिराइछ...
बबिन टेलरिङ्ग सुटिङ्ग एण्ड सुटिङ्ग
DIGJAM Ashwini OCM Bulli

सुन्दर हेयर एण्ड ब्युटी
हामीकहाँ लेडिज एण्ड जेन्टसको लागि Hair Cutting, Hair Colour, Skin Treatment, Hair Treatment, Head Massage, Hair Straight, Hair Curly, Hair Extension लगायत सबै ब्राण्डेड प्रोडक्टहरुद्वारा फेसियल गरिन्छ । साथै मेजी केयर, पेडी केयर पनि गरिन्छ । प्रत्येक सुविधामा १५ प्रतिशत छुटको व्यवस्था समेत गरिएको छ ।
सम्पर्क: ४८४६२५३३३०
पोखरा ट्रेड मल, चिलेढङ्गा
(First Floor X2)

२०१६ पोखरा वर्ल्ड तेक्वान्दो हानमादाङ
2016 POKHARA WORLD TAEKWONDO HANMADANG
सुन्दर नगरी पोखरामा पहिलो पटक आयोजना हुन गईरहेको २०१६ पोखरा वर्ल्ड तेक्वान्दो हानमादाङ प्रतियोगिता हेर्ने अवसर नगुमाऔं । विश्वका २५ भन्दा बढि देशका १ हजार ५ सय खेलाडीहरुको प्रतिस्पर्धा संगै विभिन्न सांस्कृतिक तथा मनोरञ्जनात्मक कार्यक्रमहरुको प्रस्तुति ।
कार्यक्रम:
मिति : फागुन १५ देखि १७ गते सम्म
स्थान : पोखरा प्रदर्शनी केन्द्र
TAEKWONDO
थप जानकारीका लागि
संयोजक, २०१६ पोखरा वर्ल्ड तेक्वान्दो हानमादाङ
सेभेनी होटल, एयरपोर्ट मूलबाटोचोक, पोखरा
फोन : ०६१ ५३५४५, ९४१५८२४८११
इमेल : info@hanmadangnepal.org / hanmadangnpl@gmail.com
वेभसाइट : www.hanmadangnepal.org
सीमित स्टलहरु भएकोले बुकिङ्गको लागि सम्पर्क गर्नुहोला ।

■ गोरखालीहरू साना कदका हुन्छन् तर उनीहरूमा उदम्य साहस हुन्छ ।
- **लर्ड नेपियर**

सम्पादकीय ...

सम्झनालायक पाइलटहरु

शुक्रबार फेरि अकल्पनीय रुपमा विमान दुर्घटनाको खबर सञ्चारमाध्यममा फैलियो । नेपालगन्जबाट जुम्लाका लागि उडेको एयर काष्ठमण्डपको '९-एन-एजेवी' जहाज कालिकोटको चिलखायामा दुर्घटनामा पऱ्यो । इन्जिनमा समस्या देखिएपछि पाइलट दिनेश त्यौपाने र को-पाइलट सन्तोष रानाले आफू मरेर पनि यात्रुहरुलाई बचाए । यो दुर्लभ घटना हो, किनभने दुर्घटना हुने निश्चित अएपछि सर्वप्रथम चालकले आफै ज्यान जोगाउन प्रयत्न गर्दछ । आफू बच्ने सुनिश्चित भएपछिमात्रै उसले यात्रुको जीवन बचाउँछ । यो यातायातका साधन चलाउने चालकमा बढी लागू हुन्छ । बस दुर्घटनामा सायदै चालकले ज्यान गुमाएको सुनिन्छ । जहाज दुर्घटनामा परेर यात्रु सकुशल फेला पर्नु पनि दुर्लभ विषय हो । सबारी दुर्घटना हुँदा समयमै उद्धार हुन सके धेरै यात्रुको जीवन बचाउन सकिन्छ । तर, जहाज दुर्घटना हुँदा यात्रुहरु बिरलै सकुशल भेटिन्छन् । नेपालजस्तो मुलुकमा विमान अवतरण गराउन भौगोलिक कारणले पनि सहज छैन । त्यसमा पनि नेपाली आकाश असुरक्षित रहेको अवस्थामा सम्भावित दुर्घटनाबाट जोगिन धेरै गाह्रो छ । तर, शुक्रबार चालकद्वयले हरसम्भव प्रयास गरेर नै यात्रुको जीवन जोगाउन आफ्नो जीवन बलिदान दिएर सबैको स्मरणको पात्र भएका छन् । बुधबार तारा एयरको विमान दुर्घटनाग्रस्त हुँदा चालक दलका तीनसहित २३ यात्रुले ज्यान गुमाएका थिए । सो दुर्घटनाको छानविन प्रक्रिया अघि बढिरहेको अवस्थामा शुक्रबार अर्को दुर्घटनाको खबरले सबैलाई स्तब्ध बनाएको छ । नेपालको हवाई सेवा असुरक्षित रहेको चर्चा भइरहँदा एकपछि अर्को दुर्घटनाले यात्रुहरुमा गम्भीर शंका उत्पन्न हुने गरेको छ । नेपालमा यस्ता नागरिक पनि छन, जसका लागि हवाई यात्राको विकल्प नै छैन । खाद्यान्नदेखि व्यापार, औषधोपचारलगायत हवाई यात्रामै निर्भर हुनुपर्ने बाध्यता छ । यतिखेर सकुशल गन्तव्यमा पुग्ने र फर्किने त्रास झनै बढेर गएको छ । एकातर्फ वायुसेवा सञ्चालकहरुको सुरक्षा र लगानीको कुरा छ, अर्कोतर्फ यात्रुको सकुशल यात्राको सवाल छ । नेपालजस्तो गरिब मुलुकमा सानो दुर्घटनाले पनि दीर्घकालीन असर पार्दछ । मानिसको जीवनसँग जोडिएका विमान सेवा भरपर्दो, विश्वासिलो र गन्तव्यमा अवतरण हुने सुनिश्चितता हुनैपर्दछ । वायु सेवा निगमले विमान / जहाज कम्पनीलाई उडान भर्ने अनुमति दिनुअगाडि प्राविधिक रुपमा सुरक्षित रहेको / नरहेको सुनिश्चित गर्नु अपरिहार्य छ । नेपालमा विमान चालकको भविष्य अनिश्चित बन्दै गएको छ । पाइलट / इन्जिनियर बन्ने सपनालाई यस्ता घटनाले पूर्णविराम लगाउन पनि सक्छन् । आफ्नो जिम्मेवारी वहन गर्दागर्दै दिवंगत भएका एयर काष्ठमण्डपका चालक दलले संवेदनशील भएर यात्रुमाथि न्याय गरेका छन् । जहाज अनियन्त्रित भएपछि 'नआत्तिनुहोस्, हामी मरेर भए पनि तपाईहरुको ज्यान बचाउँछौं' भनेर गरेको प्रतिबद्धता उसै गरी पूरा गरे । दुर्भाग्य, नियतिले ती महान् नेपाली सपूतहरुको जीवन रहेन । जहाजको अँघिल्लो भाग ठोक्किएर च्यापिएका चालक छटपटिँदा घटनास्थलमा सबै गाउँले स्तब्ध भए । जहाज बाहिर ल्याए पनि उनको उद्धार हुन सकेन । तत्काले अस्पताल पुऱ्याउन सकेको भए चालकले ज्यान गुमाउनु पर्ने थिएन । भौगोलिक विकटताका कारण दुर्घटनामा पनेहरुलाई समयमै उद्धार गर्न नसक्दा प्राण त्याग गर्नुपर्ने विवशता हाम्रो मुलुकमा छ । घटनास्थलमा हेलिकप्टर आउन दुई घन्टा लागेको थियो । जब कि, दुर्घटना भइसकेपछि तत्काले घाइतेको उपचार गर्न नसकिए परिणाम अकल्पनीय हुनसक्छ । जहाज दुर्घटनामा परी घाइते भएकाहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै आफ्नो जीवन उत्सर्ग गरी यात्रुको ज्यान बचाउने पाइलटद्वयप्रति हार्दिक श्रद्धाञ्जली !

आजको पञ्चाङ्ग

मिति २०७२ साल फाल्गुण १७ गते सोमबार, तदनुसार फरवरी २९ सन् २०१६, श्रीशाके १९३७, नेपाल संवत् ११३६, कीलकनामकः संवत्सरः, सूर्य पृथ्वीको उत्तरी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । शिशिर ऋतु चलिरहेको छ । चान्द्रमान अनुसार फाल्गुनकृष्णपक्ष चलिरहेको छ । सौरमान अनुसार आज फाल्गुनकृष्णपक्षको षष्ठी तिथि ९ घटि ४६ पला अर्थात बिहानमा १० बजेर २६ मिनेटसम्म त्यसउप्रान्त सप्तमी तिथि लाग्नेछ। आज सूर्य कुम्भ राशिमा, चन्द्रमा तुला राशिमा अहोरात्र रहनेछ । आज दिनमान २८ घटि ४९ पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ३१ मिनेटमा मैत्र मूहुर्तमा हुनेछ भने सूर्यास्त साझ ६ बजेर ३ मिनेटमा हुनेछ ।

आजको राशिफल

मेष : मान्यजनबाट सहानुभूति मिल्ने, व्यापारिक कार्य सफल रहनेछ, साहित्य क्षेत्रबाट सफलता मिल्नेछ दिन शुभ छ ।

वृष : दाजुभाई बीच मनमुटाव हुन सक्नेछ, दैनिक उपभोग्य सामग्रीको अभाव, शुरु गरेको कार्यहरु रोकिनेछन् ।

मिथुन : कृषि कार्यबाट लाभ पाइने, मेहनत गरेको धन हात लाग्ने, इष्टमित्रको सहयोगले अधुरा कार्य पुरा हुने ।

कर्कट : आर्थिक लेनदेनमा विवाद हुनेछ, अनावश्यक कार्यमा दिन बिल्लेछ, पठनपाठन क्षेत्र अस्तव्यस्त हुने, दिन खराब छ ।

सिंह : भूमि सम्बन्धी विवाद, महत्वपूर्ण कार्यक्रम स्थगित हुनेछ, सुनचाँदी कारोबारमा मन्दी आउन सक्नेछ ।

कन्या : आफ्नो रोजाइको कार्यमा अरुको विरोध, नेतृत्व कार्य असफल, टाढाको यात्रामा सावधानी अपनाउनु पर्नेछ ।

तुला : नयाँ व्यवसाय गर्नतिर मनजान सक्नेछ, पारिवारिक समस्या सुल्झिनेछ, सामाजिक कार्यमा सम्मान मिल्नेछ ।

वृश्चिक : शत्रुबाट मानसिक पीडा थपिनेछ, पारिवारिक झगडाले ठूलै रुप लिनेछ, आफन्तबाट विशेष कार्यमा धोका हुनेछ ।

धनु : मित्रको सहयोगले ठूलो काम सम्पन्न, वैदेशिक रोजगारको अवसर मिल्ने, स्वीपक्षको सुख प्राप्त हुनेछ ।

मकर : व्यापार व्यवसायबाट घाटा, स्वास्थ्यमा एक्कासी खराबी, अनावश्यक मानसिक चिन्तन र थकाइ बढ्नेछ ।

कुम्भ : रोजगारीबाट आत्मसन्तुष्टि मिल्ने, नयाँ मित्रसंग भेटघाट, मानसम्मानको अवसर प्राप्त हुनेछ, समय शुभ छ ।

मीन : सरकारी सहयोग मिल्ने, नयाँ साथीसँग सम्बन्ध गाँसिने, सामाजिक सकियता बढ्नेछ काममा सकियता बढ्नेछ ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

कांग्रेस नेता होइन नीति केन्द्रित हुनुपर्छ

होमप्रसाद लम्साल

६९ वर्ष पुरानो पार्टी नेपाली कांग्रेसको नेतृत्व हत्याउन झोिरे बरिष्ठ नेता शेरबहादुर देउवा र कार्यवाहक सभापति रामचन्द्र पौडेल दौडमा छन् । उमेर समुहका हिसाबले बरिष्ठ नेता शेर बहादुर देउवा र कार्यवाहक सभापति रामचन्द्र पौडेल उस्तै हुन् । सभापतिका अरु केही प्रत्यार्सी देखिए पनि अन्त्यमा नेतृत्व हत्याउने दौडमा यी दुईजनाबीच नै प्रतिस्पर्धा हुने देखिएको छ ।

देउवा र पौडेल सभापतिको चुनावी मैदानमा पुर्दै गर्दासँगै छोरा पुस्ताका नेताहरु महामन्त्री बन्न खोज्दैछन् । बहुसंख्यक नाति पुस्ता महाधिवेशन प्रतिनिधि आएका बेला उनीहरुको रोजाई कस्तो हुने हो त्यो हेर्न त महाधिवेशन नै कुर्नुपर्नेछ । बृद्धको कोटीमा नपुगी राजनीति गर्न नै बन्देज जस्तै रहेको कांग्रेसमा यो पटक बहुमत नाति पुस्ता महाधिवेशन प्रतिनिधि भएर आए पनि केही हजुरबा पुस्ताका नेताहरु तर्सिएका छन् । नेता जो सुकै होस हजुरबा पुस्ता वा नातिपुस्ता तर विचारमा युवा हुनु पर्दछ् यतिखेर कांग्रेसमा नेता धेरै छन् तर नयाँ विचार र नीति बनाउन खोज्ने नेताको खडेरी नै परेको भन्दा हुन्छ। यस्तो बेला सबै विपी कोइरालाको विचार र विरासतले पार्टी बाँधी रहला त? त्यो सम्भव छैन। समयानुकूल नहिड्नेहरु पछि पर्छन्। विगत केही महाधिवेशन कर्मकाण्डी भयो बन्दै गएकोले यतिखेर नयाँ सोच र नीति बनाउने नेताको खोजी मैरेहेको हो। महाधिवेशनको पूर्वसन्ध्यामा सार्वजनिक भएको कांग्रेसको नीति तथा कार्यक्रम केवल कर्मकाण्डीमात्रै भएपछि सतहमा नै विरोध हुन पुग्यो। त्यसैको जवाफमा कांग्रेसका केही युवा नेताले तयार पारेको नीतिको खाकाले नयाँ सन्देश दिन खोजिएको छ त्यो नयाँ सन्देश पाठौंले आफ्नो सम्पत्ति नबनाउने हो भने केवल पंक्तिमा छाँपिएको एक लेख भन्दा बढी हैसियत नहोला। कम्तिमा अबको कांग्रेसलाई जिउँदो राख्ने हो भने नयाँ विचार र नीति चाहिन्छ नै। अन्यथा कांग्रेसलाई आफ्नो विरासत जोगाउन हम्मे पर्नेछ।

मुलुकको पुरानो र सबै भन्दा ठूलो पार्टी भएकोले पनि अब आउने नेतृत्व कस्तो होला भन्ने कुरामा राष्ट्रिय र अन्तर्राष्ट्रिय चासो हुनु स्वभाविक पनि छ। यसबीचमा कांग्रेसका जम्मा ६ जना सभापति भए। तीमध्ये कोइराला परिवारका चार दाजुभाइले ४८ वर्ष र कोइराला परिवार इतरका दुईजनाले २१ वर्ष पार्टी प्रमुखको जिम्मेवारी लिए। एकै परिवारका चार कोइरालाले दुई तिहाइभन्दा बढी समय पार्टी सम्हाले भने सुवर्णशमशेर राणाले २ वर्ष र कृष्णप्रसाद भट्टराईले १९ वर्ष सभापति भए। यो इतिहास हेर्दा नेपाली कांग्रेसमा विरासतको राजनीतिले राम्रै जरा गाडेको भएपनि त्यो जरा यसपाला उखेलिने निश्चित हुँदै गएको छ। लोकतान्त्रिक पार्टीमा पारिवारिक विरासत गौण हुन्छ, राष्ट्र र समाजले अपेक्षा गरेको नेतृत्वले जिम्मेवारी पाउनु पर्दछ।

विपी कोइरालाले टंकप्रसाद आचार्यलाई सभापति बनाएर आफू कार्यवाहक सभापति हुँदै स्थापना गरेको नेपाली कांग्रेसको नेतृत्व परिवर्तनको संघारमा छ। त्यसपछि सुवर्णशमशेर जवरा र कृष्णप्रसाद भट्टराईको कार्यकालबाहेक दुई कार्यकाल कोइराला परिवारबाट कांग्रेस नेतृत्व बाहिरिएको थिएन। विपीपछि तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालले १५ वर्ष र सुशील कोइराला ५ वर्ष पार्टीको नेतृत्वमा रहे। सुशीलको निधनसँगै कांग्रेस नेतृत्व कोइराला परिवारबाट बाहिरिने निश्चित भएको छ। कांग्रेसको नेतृत्वमा को आउँला र कस्तो नेतृत्व आउँला भन्नेबारे केही दिन कुनैपछि।

सुजाता कोइरालाले कुनै पदमा एडजष्ट हुनका लागि बाहेक कोइराला परिवारका शेखर र शशांकले महामन्त्रीमा उम्मेदवारी नै विरोध हुन पऱ्यो। त्यसैको जवाफमा कांग्रेसका केही युवा नेताले तयार पारेको नीतिको खाकाले नयाँ सन्देश दिन खोजिएको छ त्यो नयाँ सन्देश पाठौंले आफ्नो सम्पत्ति नबनाउने हो भने केवल पंक्तिमा छाँपिएको एक लेख भन्दा बढी हैसियत नहोला। कम्तिमा अबको कांग्रेसलाई जिउँदो राख्ने हो भने नयाँ विचार र नीति चाहिन्छ नै। अन्यथा कांग्रेसलाई आफ्नो विरासत जोगाउन हम्मे पर्नेछ।

मुलुकको पुरानो र सबै भन्दा ठूलो पार्टी भएकोले पनि अब आउने नेतृत्व कस्तो होला भन्ने कुरामा राष्ट्रिय र अन्तर्राष्ट्रिय चासो हुनु स्वभाविक पनि छ। यसबीचमा कांग्रेसका जम्मा ६ जना सभापति भए। तीमध्ये कोइराला परिवारका चार दाजुभाइले ४८ वर्ष र कोइराला परिवार इतरका दुईजनाले २१ वर्ष पार्टी प्रमुखको जिम्मेवारी लिए। एकै परिवारका चार कोइरालाले दुई तिहाइभन्दा बढी समय पार्टी सम्हाले भने सुवर्णशमशेर राणाले २ वर्ष र कृष्णप्रसाद भट्टराईले १९ वर्ष सभापति भए। यो इतिहास हेर्दा नेपाली कांग्रेसमा विरासतको राजनीतिले राम्रै जरा गाडेको भएपनि त्यो जरा यसपाला उखेलिने निश्चित हुँदै गएको छ। लोकतान्त्रिक पार्टीमा पारिवारिक विरासत गौण हुन्छ, राष्ट्र र समाजले अपेक्षा गरेको नेतृत्वले जिम्मेवारी पाउनु पर्दछ।

विपी कोइरालाले टंकप्रसाद आचार्यलाई सभापति बनाएर आफू कार्यवाहक सभापति हुँदै स्थापना गरेको नेपाली कांग्रेसको नेतृत्व परिवर्तनको संघारमा छ। त्यसपछि सुवर्णशमशेर जवरा र कृष्णप्रसाद भट्टराईको कार्यकालबाहेक दुई कार्यकाल कोइराला परिवारबाट कांग्रेस नेतृत्व बाहिरिएको थिएन। विपीपछि तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालले १५ वर्ष र सुशील कोइराला ५ वर्ष पार्टीको नेतृत्वमा रहे। सुशीलको निधनसँगै कांग्रेस नेतृत्व कोइराला परिवारबाट बाहिरिने निश्चित भएको छ। कांग्रेसको नेतृत्वमा को आउँला र कस्तो नेतृत्व आउँला भन्नेबारे केही दिन कुनैपछि।

सुजाता कोइरालाले कुनै पदमा एडजष्ट हुनका लागि बाहेक कोइराला परिवारका शेखर र शशांकले महामन्त्रीमा उम्मेदवारी नै घोषणा गरेका छन्। विपी पुत्र भएकोले होला यतिखेर डा शशांक कोइरालाको मुख ताक्ने र विचार बुझनका लागि उनको निवासमा भिड्भाड बढ्न थालेको छ। विरासतका राजनीति हुनुहुन्न भने पनि कांग्रेस कार्यकर्ताहरु अझै राजनीतिमा उनी भन्दा कयौं बरिष्ठ हुँदा हुँदै पनि शशांकको मुख ताक्न पुग्नुले विरासतको राजनीतिलाई निरन्तरता दिन खोजिएको भान हुन्छ। अबको राजनीति कसको परिवारमा जन्मेको भन्दा पनि योग्यता क्षमताका आधारमा हुनु पर्दछ। राणादेखि शाही शासनकाविरुद्ध लडेको कांग्रेसले कस्तो नीति धारण गर्ला भन्ने कुराले मुलुकको अर्थतन्त्रदेखि राजनीतिक रुपमा निकै अर्थ राख्दछ। महाधिवेसन नजिकिँदै गर्दा सञ्चारमाध्यममा आएका सुझावदेखि बौद्धिक वर्गले उठाएका कुरा तिनै हुन्। कांग्रेसले लिँदै आएको तीन खम्बे नीति राष्ट्रियता, प्रजातन्त्र र समाजवादका बारेमा पार्टीभित्र पुर्नव्याख्याको माग बढीरहे पनि प्रस्तावित पार्टीको नीति र कार्यक्रममा यसको पुर्नव्याख्या गरिएको छैन। बदलिदो समाज अनुसार नीति तथा कार्यक्रम आउन नसकेको भन्दै अहिले आएको नीति तथा कार्यक्रम काम चलाउ मात्रै हो भन्न सकिन्छ त्यसैले त पार्टीभित्रको एक पक्षले त्यसलाई अस्विकार गर्ने रणनीति लिएको छ।

समाजवादका कुरा गर्दा कांग्रेसमा कृष्णप्रसाद भट्टराई, सुशील कोइराला, भीमबहादुर तामाङसगैं कांग्रेस सभित्रको समाजवाद अस्वाएको छ।

किनकि बीपीको समाजवाद गान्धीवादबाट प्रभावित थियो र समाजवादी बन्नु भनेको नेताको चरित्र, लवाइ–खवाइ र रहनसहनका साथै व्यवहारमा देखिनुपर्छ। शुशिल कोईरालाको निधनसँगै अब नेता तथा कार्यकर्ताको जीवन शैली हेर्दा त्यो पार्टीबाट समाजवाद निकै दुर भैसकेको अनुमान गर्न सकिन्छ। बीपीको नाममा राजनीति गर्दै आएको कांग्रेसले अब साच्चिकै बीपीको समाजवाद व्यवहारमा लागू गर्ने हो भने कि त्यो समाजवादलाई पुर्नव्याख्या गर्नु पर्दछ की भने जीवन शैली नै परिवर्तन गर्नु पर्दछ अन्यथा समाजवाद केवल मागी खाने भाँडो मात्र बन्नु हुन्न।

समाजवादको व्याख्या गर्दा कांग्रेसले समीक्षा गर्नु पर्ने कुरा पहिलो, पुँजी निर्माण र उत्पादकत्व बढाउन खुला बजार, उदारवादी अर्थतन्त्र र निजी क्षेत्रको विकासका लागि कांग्रेसको नीति तथा कार्यक्रम के हो? सामाजिक न्यायको अवधारणा अनुसार पिछडिएको क्षेत्र र वर्गको सशक्तीकरणमा कांग्रेस कहाँ चुक्यो? संघीय संरचनामा गएका बेला कांग्रेसको सबै प्रदेशलाई सन्तुलनमा राख्ने विकास नीति के हो? छिमेकी चीन र भारत एकाइसौं शताब्दीका दुई आर्थिक शक्ति बनिरहेका बेला नेपालको विकासका प्राथमिकता के हुने? नारामा मात्र सीमित हुने विकास नीतिलाई कांग्रेस फेरि सरकारमा गयो भने कार्यान्वयन हुन्छ भनेर विश्वास गर्ने आधार के? त्यसैले पनि कांग्रेसले आफ्नो पृष्ट धारणा पर्नु यो महाधिवेसनको अर्को चुनौति पनि हो।

यो महाधिवेशन नयाँ सबिधानको कार्यन्वयन र संघीय संरचना व्यवहारिक कार्यन्वयनको दोसाधिमा रहेकोले पनि निकै महत्वका साथ हेरिएको छ। कांग्रेसले लिने नीति र व्यवहारमा तादम्यता देखियो भने बौद्धिक वर्गको आकर्षण पनि बढ्नेछ।

पुरानो प्रजातान्त्रिक पार्टी कांग्रेसको एकपछि अर्को पुस्तामा जाँदा यसको सैद्धान्तिक धरातल खस्किँदै गएको छ। अघिल्ला महाधिवेशनमा पारित गरेको विषय वस्तुको कुनै समिक्ष नै भएको छ। १३ औं महाधिवेशनमा मुख्य रुपमा शिक्षा, स्वास्थ्य, आवास, खाद्य सुरक्षा र रोजगार मर्यादित जीवनका पाँच आधार हुन भन्दै तय गरेको यी विषय सायदै त्यसपछिका कुनै बैठकमा छलफलसम्म भएन। विचार र दृष्टिकोणका हिसाबले पछिल्ला महाधिवेसन कर्मकाण्डीय हिसाबले नाम मात्रको हुने गरेको छ। अहिलेसम्मको तौरतरिका हेर्दा यही महाधिवेसन पनि यस्तै हुने निश्चित छ।

नेतृत्व दावी गर्ने र अझ ठूलो पदमा जान चाहनेहरुले आफ्नो कार्यसमितिमा रहँदा यो कार्यनीति सफल पार्न के के गर्नु भयो? के त्यो सबै काम सभापतिको मात्रै हो र? पाँच वर्षे कायकलामा के के सफलता मिल्यो? जवाफ दिन् पर्छ्की पर्दैन कांग्रेसीजनहरुले। संगठन सुदृढीकरणका २८ वटा कार्य योजना महाधिवेशनले पारित गरेको थियो। सायद यी कुराहरु धेरैले विसिए कांग्रेसले आफ्नो विधानमा प्रत्येक वर्ष महासमिति बैठक गर्नुपर्ने उल्लेख छ तर त्यो नगर्दो पाँच वर्षे कार्यकालमा एकपटक मात्रै भयो। हरेक क्षेत्रले क्षेत्रिय सम्मेलन गर्ने भन्ने उल्लेख छ त्यो पनि गरिएन, केन्द्रिय समितिको बैठक वस्तुसमेत कन्जुस्याई भनौ वा के न्यूनतम अवस्थामा मात्रै औपचारिकता दिनका लागि मात्रै बसियो। कांग्रेस जस्तो लोकतान्त्रिक पार्टीमा कहिल्यै छलफलबाट विषय वस्तुको टुंगो लागेको सायदै देखिन्ला हो २१ औं शताब्दिको लोकतान्त्रिक पार्टी नेपाली कांग्रेस यस्तै हुनुपर्ने हो? यतिखेर कांग्रेसको नर्सरी ध्वस्त छ। त्यहाँ नत बेनाहक छन् नत बिउ नै। २०६३ मा कांग्रेस एकीकरणपछि संगठनका हिसाबले कांग्रेसको भातृसंस्थाहरु पाय अस्तित्वमा छैनन भन्दा हुन्छ। यो हेर्दा कांग्रेसले नयाँलाई तत्काल पार्टीमा भर्ना लिन नचाहेको पुष्टि हुन्छ। कुनै पनि पार्टीको नेतृत्व जन्माउने थलो भनेको उसको भातृसंगठन नै हो तर कांग्रेसको पाय भातृ संस्थाहरु अस्तित्वविहीन छन्। तैपनि यो पटकको महाधिवेशनमा कांग्रेसमा युवाहरु बढी नै छानिएका छन्। भातृ संस्थाहरु निष्क्रय रहँदा राजनीतिक छवी भएकाहरु आफ्नो क्षेत्रबाट उनै गणेश पुर्वतिका नेताहरु हराउँदै प्रतिनिधि छानिएका छन्।

पार्टीमा बढेको चाकडी प्रवाले धमिराले खाएको काठ हुँदैछ कांग्रेस पार्टीको संयनको कुनै पनि नेतृत्वमा पुग्न नेताको धमा खित्तान बेलुका पुर्ने पर्ने नयाँ गेसले कांग्रेस ग्रस्त छ। सुरा सन्दरीको कुरा सामान्य बन्दै गएपछि क्षमता भएका देश विदेशको ज्ञान लिएर राजनीति गर्न खोजेहरु पलायन हुँदै गर्दा ठूलो पार्टीका देखिएको विचलनले भोलीको मुलुक हाँक्नेहरु कस्ता हौलान चिन्ताजनक अवस्था छ। त्यसैले यतिखेर नाम मात्रका युवा होइन विचारले युवा नेतृत्व आउने आवश्यकता हो। कांग्रेसको नेतृत्वको शैली, नीति र उसको संगठनको ढाँचा हेर्दा उसको अधोगति शुरु भएको हो। यहि नियति दोहोरिने हो भने कांग्रेस पतनको बाटो अग्रसर देखिन्छ ।

महाधिवेशनबाट अबको कांग्रेसको चुनौति बुझेका, नीति र कार्यक्रमले कांग्रेसलाई बचाउन सक्ने भिजन भएका नेता जिताउन सक्नु पर्दछ। कांग्रेसलाई नयाँ भिजनसहितको नेतृत्व आवश्यकता छ।

(स्रोत : सेतोपाटी)

नेपाल लोक संस्कृतिमा धनी छ–आना स्टर

गोल्डेन न्युज संवाददाता
पोखरा १६ फाल्गुन ।

नेपाली लोक संस्कृतिको अनुसन्धानका क्षेत्रमा क्रियाशील अमेरिकी नागरिक आना स्टरले नेपाल लोक संस्कृतिका क्षेत्रमा धनी रहेको बताएका छन् । स्वतन्त्र पत्रकार सङ्घ, नेपालले आइतवार पोखरामा आयोजना गरेको "लोकसंस्कृति सम्वर्द्धन तथा संरक्षण" विषयक अन्तर्क्रिया एवम् पत्रकार भेटघाट कार्यक्रममा उनले विविधतालेयुक्त नेपालमा धेरै महत्वपूर्ण संस्कृति रहेको बताए ।

नेपाली लोक संस्कृतिको अनुसन्धानका क्रममा नेपालका विभिन्न गाउँ र वस्तीमा पुगेको स्मरण गर्दै स्टरले नेपाली लोकसंस्कृतिको संरक्षणको विषयलाई राज्यले प्राथमिकता दिनुपर्ने बताए । स्वतन्त्र पत्रकार सङ्घ नेपालका केन्द्रीय अध्यक्ष कृष्णप्रसाद वास्तोलाले नेपालको लोक संस्कृतिका क्षेत्रमा अमेरिकी अनुसन्धाता स्टरले गहन अध्ययन गरेको चर्चा गर्दै लोपोन्मुख लोक संस्कृतिको जगेर्नामा प्रत्येक नेपालीको एकाबद्ध प्रयास आवश्यक हुनेमा जोड दिए । कार्यक्रममा स्वतन्त्र पत्रकार सङ्घ, नेपालका महासचिव कमल पौडेल 'अथक'ले पछिल्लो समयमा लोक संस्कृतिको क्षेत्र कमजोर बन्दै गएको बताउँदै यसको सबलीकरणका लागि जुटुन् आवश्यक भएको बताए । सञ्चारकर्मी शान्ति रणाले अमेरिकी नागरिक स्टरले नेपाली लोकसंस्कृतिका क्षेत्रमा गरेको अध्ययन अनुसन्धानले भुगोलका कारण कुनै पनि कला संस्कृति नछुटेकाले पुष्टि गरेको बताइन ।

अमेरिकी नागरिक आना स्टरलाई नेपाली लोक संस्कृतिको अनुसन्धान र नेपाली लोक गायनमा क्रियाशील रहेको भन्दै अलि मियो लोकबाङ्मय प्रतिष्ठानले लोककवि अलि मियाको ९८औं जन्मजयन्तीका अवसरमा शनिवार र २० हजार नगदसहित सम्मानपत्र र दोसल्लाले पोखरामा सम्मान गरेको थियो ।

प्लाष्टिक झोला निषेधबारे छलफल जारी

पोखरा १६ फाल्गुन ।

नेपाली लोक संस्कृतिको अघोवरा उप-महानगरपालिकाले प्लाष्टिक झोला तथा गिलास निषेधित क्षेत्र घोषणा गर्नका लागि सचेतना एवम् अन्तर्क्रियाका कार्यक्रमलाई अभियानका रुपमा जारी राखेको छ । अभियान अन्तर्गत इन्द्र राज्यलक्ष्मी उच्च मा.वि. लामाचौरमा पोखराका १९, १६, र २८ तथा पोखरा १७ डेभिड फलमा १७, २३ र २४ नं. वडाका वासिन्दा हरुसंग नगरपालिकाले अन्तर्क्रिया गरेकी हो । पोखरा उप-महानगरपालिका वातावरण महाशाखा पमुख वरिष्ठ ई.चन्द्रप्रसाद काफ्लेको अध्यक्षतामा भएको कार्यक्रममा कार्यक्रमका फोकल पर्सन ई. महेन्द्र गोदारले कार्यक्रमको औचित्यमाथि प्रकाश पारेका थिए । उनले प्लाष्टिकले प्रयोगले मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पार्ने भएकोले यसलाई न्यूनिकरण गर्नुपर्ने धारणा राखे । प्लाष्टिक झोला तथा प्लाष्टिकजन्य गिलास निषेधका समस्या चुनौती एवम् वैकल्पिक उपायका बारेमा १९, १६, र २८ तथा १७, २३ र २४ का टोलविकास संस्था समन्वय समिति, वडा नागरिक मञ्च, वडा स्थित राजनीतिक दलका प्रतिनिधि, आमा समूह लगायतको सहभागिता रहेको थियो । अन्तर्क्रिया क्रममा उठेका सवालहरु माथिको खुला सेसन सुरुवा तथा निरीक्षण महाशाखाका प्रमुख वरिष्ठ निरिक्षक वसन्त प्रसाद चालिसेले सहजीकरण गरेका थिए । कार्यक्रम बातावरण शाखाका नायब सुब्बा सविता तामाङको स्वागत एवम् मूल्यांकन तथा अनुगमन अधिकृत हरि न्यौपानेको सञ्चालनमा सम्पन्न भएको थियो ।

उप-महानगरपालिकाले प्लाष्टिक झोला तथा गिलास निषेध कार्यक्रमका लागि यसअघि पै १, २, ३, ४ र २६ नं. वडाका सरोकारवाला हरु संग गत फागुन ११ गते तथा वडा नं. ५, ६, ७, ८ र ९ का सरोकारवालाहरुसंग १२ गते २०, २१ र १९ नं का सरोकारवालाहरु संग १३ गते अन्तर्क्रिया सम्पन्न गरिसकेको छ। अन्तर्क्रियाका अलावा विभिन्न सरोकारवाला निकायहरुसंग छलफल गर्ने कार्यक्रम तय भएको उप-महानगरपालिकाले जनाएको छ। पोखरा उपमहानगरपालिकाले २०६७ साउन १ गते पोखरालाई कालो प्लाष्टिकको झोला निषेधित क्षेत्र घोषणा गरेको थियो । सन् १९०७ मा अमेरिकाबाट उत्पादन सुरु भएको प्लाष्टिकको झोला अहिले विश्वभर फैलिएको छ। प्लाष्टिकको झोला कुहिन एक सय वर्ष लाग्ने, प्लाष्टिकले माटोको गुणस्तर घटाउने, प्रदुषण बढाउने र मानव स्वास्थ्यमा समेत नकारात्मक असर पार्ने गर्छ। पोखरा उपमहानगरपालिकाले आगामी चैत्र १५ सम्म सीमाङ्कित रहेका प्लाष्टिक झोला तथा गिलास व्यवस्थापन गर्न व्यावसायीलाई आग्रह गरेको छ ।

तु-अवश्यकता

एकाउन्टेन्ट काउन्सिलर - १/ १ जना
रिसेप्सनिष्ट (फिमिल) - ३ जना
मल्टेस्टरी टिचर(स्कुल) - २ जना
मोबाइल पसल/साईक रोक्स (सेल्सम्यान) ४
फोस्टीडियट मेन्टल (सेल्सम्यान) - ५ जना
सहकारी सार्वेटिड - ३ जना
रफुटी वा लाईसन्स भएको लेडिज - १ जना
हाम्री तपाईलाई पोखरामा खाली रहेका सम्पुर्ण कामको काम र कामहरु उपलब्ध गराउछौं ।

सम्पर्क ठेकाणा: बुढीबोक, पोखरा
०६१-४३२६१०, ३२६७०८, ९८४६१६६५८०

बाबा फाउण्डेशनको दन्त शिविर

गोल्डेन न्युज संवाददाता
पोखरा १६ फाल्गुन ।

बाबा फाउण्डेशन नेपाल र कान्तिपुर डेन्टल हस्पिटल न्यूरोडको संयुक्त आयोजनामा पोखरामा निःशुल्क दन्त शिविर सम्पन्न भएको छ । फाउण्डेशनद्वारा विभिन्न विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई गत बिहीबार फाउण्डेशन परिसरमा दन्तरोग परीक्षण सेवा सम्बन्धी निःशुल्क शिविर गरेको फाउण्डेशनका डाईरेक्टर अम्ता पौडेलले जानकारी दिए ।

एक दिने निःशुल्क दन्त शिविरमा ५७ जनाले दन्त स्वास्थ्य जाँच गराएका थिए । ति मध्ये २० छात्रा २५ छात्र र १२ विभिन्न स्कूलबाट सहभागिता जनाएका शिक्षकहरु रहेका थिए । परीक्षण गराएका मध्ये ३ जनाको स्केलिङ्, २५ जनाको दाँत भर्ने पर्ने, ३ जनाको आर. सि. टी, ९ जनाको दाँत झिक्नु पर्ने बाँकीको दन्त स्वास्थ्यको अवस्था राम्रो रहेको दन्त प्राविधिक डा. सिता कुमारी दासले बताए । शिविरमा दन्त प्राविधिक सीता श्रेष्ठ र डा. सिता कुमारी दासको प्राविधिक टोली रहेको थियो ।

परीक्षण गरिएका विद्यार्थीलाई हाईजिङ किट ब्याग वितरण गरिएको थियो । दन्त शिविरमा परीक्षण गराएका विरामीलाई अस्थायिमा जाँच २५ प्रतिशतसम्म छुट दिने घोषणा कान्तिपुर डेन्टल हस्पिटलका प्रशासकिय अधिकृत सिता श्रेष्ठले घोषणा गरेका थिए ।

दन्त शिविर कार्यक्रम समापनको अवसरमा बाबा फाउण्डेशन नेपाल र कान्तिपुर डेन्टल हस्पिटल न्यूरोडका विच अन्तर्क्रिया कार्यक्रम समेत सम्पन्न भएको थियो ।

फाउण्डेशनका अध्यक्ष डीलिपराज श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रममा फाउण्डेशनका डाईरेक्टर अम्ता पौडेलले सहजीकरण गरेका थिए ।

अनेक समस्या सफल उपचार

ग्याष्ट्रिक: खाना रुचि नहुने, आमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको उपचार ।

थोल समस्या: सिंघ स्खलन, उत्तेजना नहुने, लिङ्ग ढिलाउने, स्वप्न दोष जस्तो सुकै थैाल समस्याको सफल उपचार ।

महिला सम्बन्धि समस्या
महिनामारी गडबढी, सेतोपानी बग्ने, योनी ढिलाउने, तल्लो पेट दाह्र कम्मर दुखे, पेट तथ

काष्ठमण्डप एयर दुर्घटनाका घाइतेको बयान

तीन पटक खट्याक-खट्याक गऱ्यो, पंखाको गति कम हुन थाल्यो

काठमाडौं १६ फाल्गुन ।

'हाम्रो लागि पाइलट र को-पाइलट भगवान हुनुहुन्छ, उहाँहरू जिउँदै हुनुहुन्छ', मेघराज गिरीलाई भेटेपछि उनको मुखबाट निस्केको पहिलो वाक्य थियो यो । त्यसो भनिसक्दा उनको आँखामा आँसु भरिएको थियो, बोली अड्किएको थियो । गत शुक्रबार नेपालगञ्ज बाट जुम्लाका लागि उड्देको काष्ठमण्डप एयरको ९एनए जेबी जहाज दुर्घटना हुँदा पाइलट र को-पाइलटको ज्यान गयो ।

तर नौ जना यात्रु बाँचे । कालिकोट, चिलखायामा भएको दुर्घटनामा घाइतेमध्ये एक हुन् गिरी । उनीबाहेक सात घाइते जुम्लाका हुन् र एक जना नुवाकोटका । उनीहरूको विभिन्न अस्पतालमा उपचार भइरहेको छ । चन नगरपालिका-६ का गिरीको काठमाडौंको शिक्षण अस्पतालमा उपचार भइरहेको छ । उनीका साथ श्रीमती जगदम्बा र १६ महिने छोरा प्रनिल पनि घाइते छन् र त्यही उपचार भइरहेको छ । जगदम्बाको टाउकोमा र खुट्टामा चोट छ भने प्रनिललाई गालामा र हातमा चोट लागेको छ ।

मेघराजको बोली सुन्दा त्यहाँ उपचार गराइरहेका अरू विरामीका आँखा पनि रसाएका थिए । घाँटीमा असर परेकाले मेघराजले ठुलो स्वरले बोल्न सकेनन् । तर उनी बोल्न थालेपछि सबै विरामी शान्त भएका थिए । उनले त्यो कहालीलाग्दो दिनलाई यसरी सम्झिए :

प्लेन तीन पटक खट्याक-खट्याक गर्यो । पङ्खाको गति कम हुन थाल्यो । त्यसपछि पाइलटले इन्जिन खराब भयो भनेर सूचना दिए । उनले अब ठाउँ हेरेर 'सेफ ल्यान्ड' गर्ने जानकारी दिए ।

सूचना सुनेर सबै यात्रु डराए । सिटबेल्ट फुकालेर हाम फाल्न अटि । म पनि डराएँ र छोरालाई काखी च्यापें । सिटबेल्ट फुकालेर हाम फाल्ने सोच बनाएँ । अरू कुरा त मनले सोच्दै सकेन । तर को-पाइलटले भने, 'सिटबेल्ट नफुकाल्नुस् । बरु मजाले कस्नुस् । हामी सेफ ल्यान्ड गर्न खोज्दै छौं ।' उनको स्वरमा भरोसा मिसिएको थियो । त्यसपछि मन अलि दुक्क भयो ।

पाइलट 'सेफ ल्याण्ड'का लागि ठाउँ खोजिरहेका थिए । तर ठाउँ नभेटिँदै प्लेन यताउता ढल्किन थाल्यो । पाइलटले खेतमा प्लेन ल्याण्ड गराए । तर उनले सोचेको ठाउँमा प्लेन ल्याण्ड हुन पाएन सायद । काठको मुढा हुँदै हिस्कोमा गएर ठोक्कियो । ठोक्किनासाथ म उठें र अगाडि हेरें । पाइलट र को-पाइलट कच्याक-कुचुक्क भएजस्तो देखियो । मभन्दा अगाडिका साथीहरूको हालत पनि उस्तै खराब थियो । हतपत म बच्चा लिएर ढोकाबाट हाम फालें । म निस्कनासाथ सोनामी भइचन पनि बाहिर आइन् । मेरो होस नै गुम् कोलाहल फैलियो ।

गम्भीर अवस्थामा रहेका लक्ष्मण खड्का र लक्ष्मी सुनुवारलाई उपचारको लागि भनेर नयाँ दिल्ली लखनउ लगियो । त्यसपछि मैले आफन्तलाई फोन गरेर आफूहरू बाँचेको जानकारी गराएँ । पछि त धेरैको फोन आउन थाल्यो । दुर्घटना भएको चार घण्टापछि मात्र रेस्क्यु टोली घटनास्थलमा आइपुगेको थियो । यदि समयमा नै रेस्क्यु टोली पुगेको भए को-पाइलट चाहिँ बाँच्नुहुन्थ्यो ।

मलाई को-पाइलट सन्तोस रानाको दिदीले पनि फोन गर्नुभएको थियो । मेरो भाइलाई कस्तो छ भनेर सोध्नुभयो । म भावविह्वल भएँ । 'उहाँ हाम्रो भगवान हुनुहुन्छ, कहिल्यै मर्नुहुन्न' भन्दै फोन काटिदिएँ । पछि फेरि फोन आयो, त्यही नै भनिदिएँ ।

क्याप्टेन दिनेशको बुवाले पनि फोन गर्नुभएको थियो । त्यही नै भनें । दिनेशको बुवा अस्पताल आउँदा पनि मैले त्यसै भनिदिएँ । उनी मनिँडवाकपछि सधैं छोरासँग बसेर कफी पिउँदा रहेछन् । तर, शनिवार बिहान 'आज छोरो आएन' भन्दै रोएका थिए रे ।

दिनेशका बुवा नेपालगञ्जमा बस्नुहुन्छ । म अब पाइलट र को-पाइलटका दुवै जनाको परिवारलाई भेट्छु । सम्बन्ध गाँस्छु । अनिमात्र उहाँहरूको आत्माले शान्ति पाउनेछ । हामी बाँचेको सार हुन्छ ।

क्रान्तिकारी पत्रकार प्रदेश नं. ४ को संयोजकमा पौडेल

गोल्डेन न्युज संवाददाता
पोखरा १६ फाल्गुन ।

क्रान्तिकारी पत्रकार संघको ४ नम्बर प्रदेश संयोजकमा त्रिभुवन पौडेल निर्वाचित भएका छन् । संघको आइतबार पोखरामा सम्पन्न प्रदेशस्तरीय भेलाले पौडेलको संयोजकत्वमा २७ सदस्यीय प्रदेश अधिवेशन आयोजक समिति गठन गरेको हो । समितिका सदस्यहरूमा दीपक परियार, विभु भुशाल, चन्द्रेश्वर वस्ताकोटी, कौपिला कडेल, कमल खत्री, राजेन्द्र न्यौपाने, अर्जुन काफ्ले, एस बी नेपाली, मुरारी शर्मा, रतन गुरुङ, दीपक भट्टराई, गोमा घिमिरे, नवीनराज कुर्केकेल, प्रितम भुजेल, सन्तोष गौतम, रामप्रसाद तिमिल्सिना, घनश्याम पाण्डे, रामचन्द्र राई, प्रतिक्षा काफ्ले, गणेश पौडेल, कृष्णमाया पोखरेल, उमा आले मगर, रोशमी गुरुङ, विश्व सुवेदी, नारायण विक र कृष्ण दवाडी रहेका छन् ।

भेलाले सात बुँदे समसामयिक प्रस्ताव समेत पारित गरेको छ । प्रस्तावमा सम्पूर्ण क्रान्तिकारी, प्रगतिशिल तथा श्रमजीवि पत्रकारहरूको एकतामा जोड दिइएको छ । विगतमा छिन्नभिन्न भएका क्रान्तिकारी प्रगतिशिल तथा श्रमजीवि पत्रकारहरुकालाई क्रान्तिकारी पत्रकार संघको मूल संगठनमा सामेल हुन आह्वान गरिएको छ । विभिन्न मिडियामा कार्यरत श्रमजीवि पत्रकारहरूलाई उचित पारिश्रमिक समयमै उपलब्ध गराउन सम्बन्धित सरोकारवालालाई प्रस्ताव मार्फत आह्वान गरिएको छ । न्यूनतम पारिश्रमिक निर्धारण समितिले तोकेको पारिश्रमिक श्रमजीवि पत्रकारहरुलाई विनाशर्त उपलब्ध गराउनुपर्नेमा संघको भेलाले जोड दिएको छ ।

प्रादेशिक भेलाले पेशागत अधिकार क्षमता अभिवृद्धि तालिम, वैदेशिक भ्रमण र अनुभव आदानप्रदान लगायतका विषयमा मोफसलका संचारमाध्यम र संचारकर्मीलाई अवसर प्रदान गर्न नेपाल सरकार, प्रेस काउन्सिल, सूचना विभाग, नेपाल पत्रकार महासंघ लगायत सरोकारवाला सबैमा विशेष अनुरोध गरेको छ ।

यसअघि भेलाको उद्घाटन गर्दै गृहमन्त्री शक्तिबहादुर बस्नेतले अहिले संविधान कार्यान्वयनको एजेण्डा प्रमुख विषय भएको बताए । उनले संविधानले व्यवस्था गरेको नागरिकको मौलिक अधिकारलाई स्थापित गर्न संचारमाध्यमको मुख्य भूमिका हुने धारणा व्यक्त गरे । कार्यक्रममा नेपाल प्रेस युनियनका केन्द्रीय उपाध्यक्ष रमेश पौडेल, प्रेस चौतारी काश्कीका संस्थापक अध्यक्ष पुष्प पौडेल, पत्रकार महासंघ काश्कीका अध्यक्ष रामकृष्ण ज्वाली तथा बन्द शत्रमा एमाओवादीका केन्द्रीय सदस्य राजकाजी तमु (करण), क्रान्तिकारी पत्रकार संघका केन्द्रीय संयोजक गोविन्द आचार्य, नेपाल पत्रकार महासंघका केन्द्रीय उपाध्यक्ष खिलबहादुर भण्डारी, वरिष्ठ पत्रकार ओम शर्मा, केन्द्रीय सल्लाहकार कोमलनाथ बराल, वरिष्ठ पत्रकारहरु कुसुमकोश पराजुली, नारायण भट्टराई, पदम रेग्मी, संघका ३ नम्बर प्रदेश संयोजक सुनिल खड्काले बोलेका थिए ।

नेल्टा कास्की शाखाको २०औं साधारणसभा

पोखरा १६ फाल्गुन ।

अंग्रेजी शिक्षकहरुको साझा संगठन नेल्टा कास्की शाखाको २०औं साधारणसभा विन्ध्यवासिनी उच्च मा.वि., बरपाटनमा सम्पन्न भएको छ । दुई सत्रमा सम्पन्न सो सभाको उद्घाटन सत्रमा मासिक अन्तर्क्रिया अन्तर्गत संस्थाका प्रमुख पितृराज वास्तोलाले एन ओभरभ्यु अफ इएलटी म्याथोड एण्ड एप्रोच प्रोयासिसि विषयक कार्यपत्र प्रस्तुत गरेका थिए । संस्थाका आजीवन सदस्यहरु सम्मिलित सो उद्घाटन सत्रका प्रमुख अतिथि एलेक्स लाउतेले कार्यपत्रमाथि टिप्पणी गरे ।

संस्थाका अध्यक्ष पितृराज वास्तोलाको अध्यक्षतामा सम्पन्न सो सत्र संस्थाका सचिव नवराज न्यौपानेले सञ्चालन गरेका थिए । कार्यपत्रको दोस्रो सत्रमा संस्थाका सचिव र कोषाध्यक्षका प्रतिवेदनहरु प्रस्तुत हुनुका साथै पारित पनि भएका थिए । दोस्रो सत्रको अध्यक्षता पुनः पितृराज वास्तोलाले गरेका थिए भने संचालन सदस्य सचिव पितामबर पौडेलले गरेका थिए ।

तेक्वान्दो

नेपालको प्रतिनिधि गर्दै रुपन्देहिले स्वर्ण, रिलायन्स स्कुल रजत र नेपाल पुलिस तथा बुटवल तेक्वान्दो डोजाडले कास्य पदक जितेका हुन् । ब्रेकिङ हाईजम्प तर्फ पनि सबै उपाधि नेपालको कब्जामा आएको हो । नेपालको लागि प्रशान्त प्रधान स्वर्ण, वसन्त भण्डारी रजत र अस्मीत लामाले कास्य पदक दिलाएका हुन् । हाईजम्प ब्रेकिङ महिलामा मलेसियाले स्वर्ण पदक जितेको छ । लिङ् थियोङसिनले मलेसियाको लागि स्वर्ण दिलाउदा अनिता कुमालले नेपालको लागि रजत पदक दिलाउन सफल भईन । सात गुरुङले कास्य पदक नेपालले दिलाईन ।

नेपाली कांग्रेस पोखरा-४ को प्रथम बैठक

पोखरा १६ फाल्गुन ।(गोल्डेन)

नेपाली कांग्रेस पोखरा उपमहानगरपालिका वडा नं. ४ को प्रथम बैठक आइतबार सम्पन्न भयो । कांग्रेसको १३औं महाधिवेशन बाट निर्वाचित नयाँ कार्यसमितिको प्रथम बैठक इकाइ सभापति गोविन्द प्रसाद पराजुलीको सभापतित्वमा सम्पन्न भएको हो । बैठकमा इकाई सचिव सचिव गायत्री पराजुली, सदस्यहरु शंकर प्रसाद कोइराला, ओम बहादुर केसी, सुरेन्द्रराज कोइराला, लक्ष्मी कोइराला सहभागी थिए । यसैगरी महासमिति सदस्य शकुन्तला कोइराला, क्षेत्रीय पतिनिधि राजेन्द्रनिधी कोइराला, लोकेन्द्र कोइराला, क्षेत्रीय सदस्य शंकर प्रसाद पराजुली र गोमादेवी गोदार पनि बैठकमा सहभागी थिए ।

बैठकले वडा कार्यसमितिको सचिवमा सुरेन्द्रराज कोइरालाल र सदस्यमा गोमादेवी गोदारलाई मनोनित गर्नुका साथै निवर्तमान कार्यसमितिलाई धन्यवाद ज्ञापन गरेको छ । यस्तै कांग्रेसका केन्द्रीय सभापति सुशिल कोइरालाको निधन भएकोमा दुःख व्यक्त एवं कोइरालाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक प्रस्ताव पारित गरेको छ । साथै बैठकले कांग्रेसको आशन्न १३औं महाधिवेशन सफलतापूर्वक सम्पन्न होस् भन्ने शुभकामना व्यक्त गरेको इकाइ सचिव गायत्री पराजुलीले जानकारी दिइन ।

बैंक ब्यालेन्स

बैंक ब्यालेन्स सर्टिफिकेट तथा बैंक ट्रान्सफर गर्नुपरेमा हामीलाई सम्पर्क गर्नुहोस् । सम्पर्क ९८२६९१-०६६०२

खुशीको खबर !

के ते पाईलाई लागीभागी भई ठेबमेक गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गउडो पार लगाउने देवी हुनुहुन्छ । साथै ढाड दुखेको, बाथ, शुकी, बाँझोपन हटाउने, ग्याष्ट्रिक,रक्सी छुटाउने औषधि समेत पाइन्छ । *महिनावारी भएको ७ दिन र जुठो परेको १ वर्षपछिमात्र आउने ।*

अकलादेवी चढेकी अधिकारी (मिस्वाचोक प्रतिक्षालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५४५५

सस्तोमा जहाज टिकट

सस्तोमा राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाईजहाज टिकट तथा टुरिष्ट बस टिकट चाहिएमा साथै विदेशमा सामान पठाउनु परेमा हामीलाई सम्पर्कनुहोस् ।

World Int'l Travels & Tours Pvt. Ltd.
Newroad, Darbarthok Marga, Pokhara-9
Ph: 061-523753, 526409, 9856032747

"रंगहरूको अन्तिम गन्तव्य"

आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्पर्कनै पर्ने पसल

योर्स ट्रेड कन्सर्न

एशियन पेन्टस्, रोयल इस्पायराका साथै सिपेजको समस्या सावधान , वाटर प्रुफिङ् गरिन्छ ।

फोन : ०६१-४३०९६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रुचाईएको पेन्ट

चाया, पोतो र डण्डिफोर Bye Bye

- चाया, पोतो, डण्डिफोर र मखियालाई एक हप्तामा गै हटाइनुका साथै गोरोपना बढाइने
- साथमा मोटोपन घटाउने र बढाउने पनि ।
- कपाल झर्न रोक्ने, उमार्ने Hair building fiber.
- सेतो कपाललाई ५ मिनेटमा नै कालो बनाउने
- महिनामा ने १-३ इन्च हाइट बढाउने Step-Up.
- चाउरिपना हटाउने
- पिनासका लागि सफल उपचार । Skin Test गरिन्छ ।
- म्याग्निट्रक उपचार
- Breast घटाउने बढाउने...पेटमा भएको सेतो धर्सा हटाउने ।
- थाहै नदिई जाड, रक्सीका साथै चुरोट, सुर्ती, कैरी दिनमा नै छुटाइने ।

ढाड, कम्मर, हात खुट्टाका जोर्पाहरुको ब्याथ कम गर्न

नेपालकै नं. १ *Aloevera Juice हामीकहाँ पाइन्छ ।*

बिहानी ब्युटी ट्रेडर्स

चिप्लेढुङ्गा, पोखरा-४, फोन: ९८४६५५४९८८, ०६१-५२४८५४
(मल्ल इम्पोरियमको अगाडि ई कम्प्लेक्स भन्दा दुई घर तल)

सम्पर्क

प्रो. वद्री के.सी. : ९८५६०२५८४६
प्रो. गोपाल बहादुर कार्का : ९८५६०३१८७२
प्रो. राजेश के.सी. : ९८५६०३७३१७

इन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस

चापापानीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ५२७३०४

शुभ-विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतबन्ध, पिकानक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फुल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्पर्कनुहोस् ।

(हामीकहाँ २०० गाडी अटाउने पार्किङ पनि छ ।)

विदेश जानेहरूका लागि सुवर्ण अवसर

Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin दुवई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन गैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

हाम्रा विशेषताहरु :- तयारी कक्षा धमाधम चलिरहेको छ ।

- शतप्रतिशत उत्तीर्ण गराउन सफल
- आफ्नै मेनपावर कम्पनीबाट प्रोसेस गराइने ।
- १ वर्षमा ३ सय भन्दा बढी सेक्युरिटी गार्डमा पास गराउन सफल

सम्पर्क **फेवा सेक्युरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.**
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा विजनेस कम्प्लेक्स सटर नं. ३०,
फोन:०६१-५२०२१२, मो. ९८४०-४१४९२

पोखरामा पहिलो पटक

- यौनवर्द्धक : लिङ्को साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुवैको लागि)
- स्तन बढाउन, घटाउन, टाइट गर्न, गुज्जाइ कसिलो बनाउन, पेटको चिरा हटाउन।
- केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
- Cuit Face बनाउन स्प अमृत (Inddian), Fair Look
- उचाई बढाउन Step Up, Triple Height
- तौल बढाउन (B.D.P) Body Builde घटाउन (More Slim)
- थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।
- ढाड तथा जोर्नी दुखाई ठिक पार्ने, सस्तो सुधा पेवलिस।

उब Facebook मा www.facebook.com/Pokhara Herbal Home

पोखरा हर्बल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919

भावपूर्ण श्रद्धाञ्जली

जन्म: वि.सं. २०१७/०८/०६ गते

स्वर्गारोहण: वि.सं. २०७२/११/०५ गते

स्व.जगन श्रेष्ठ

सञ्चय बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, सृजनाचोक, पोखराका प्रबन्धक **जगन श्रेष्ठ**को असामयिक निधनले हामी अत्यन्त मर्माहत भएका छौं । उहाँको निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा स्वर्गीय आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्न सबले शक्ति ईश्वरले प्रदान गरुन् भन्ने कामनासहित हार्दिक समवेदना व्यक्त गर्दछौं ।

नारायण कार्की
अध्यक्ष *तथा*
सञ्चय बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड परिवार
सृजनाचोक, पोखरा

व्यापार मेलामा बम्पर उपहार: ग्यास र बस सेवा

गोल्डेन न्यूज संवाददाता
पोखरा १६ फाल्गुन ।

पोखराको नयाँबजारमा आयोजना हुने राष्ट्रिय औद्योगिक व्यापार मेलामा नाच्नेहरुले यो पटक 'बम्पर उपहार' पाउने भएका छन् । मेला आयोजक पोखरा उद्योग वाणिज्य संघले मेलाको सांस्कृतिक कार्यक्रम अन्तर्गत लोकदोहोरी प्रतियोगितामा उत्कृष्ट नृत्य गर्नेलाई गुहलक्ष्मी ग्यांस नै उपहार दिन लागेको हो । 'हामीले यसपटक गुहलक्ष्मी ग्यांसर्सगको सहकार्यमा मेला अन्तर्गत फागुन २२,२५,२८ र ३० गतेका दिन उत्कृष्ट नाच्ने एकजनालाई गुहलक्ष्मी ग्यांसको भरिएको ग्यांस सहितको सिलिण्डर उपहार दिने भएका छौं', मेला सांस्कृतिक उपसमिति संयोजक मोहनबाबु खड्काले भने,-'पुरस्कार पाउनेले मेला प्रवेशको लागि काटेको टिकटको अर्धकट्टी भने देखाउनु पर्नेछ ।'

बजारमा खाना पकाउने एलपी ग्यासको अभाव भएकै बेला सामाजिक उत्तरदायित्व बहन गर्दै संघले यस्तो उपहार योजना अगाडि सारेको उनले बताए ।

पोखराको नयाँबजारमा फागुन २१ गतेदेखि चैत १ गतेसम्म राष्ट्रिय औद्योगिक व्यापार मेला आयोजना हुँदैछ ।

मेलाको उद्घाटन नजिकै गर्दा सांस्कृतिक उप-समितिले तयारीलाई समेत अन्तिम रुप दिन लागेको छ । सो समितिको संयोजकमा कार्यसमिति सदस्य समेत रहेका खड्का र सदस्यहरुमा कार्यसमिति सदस्य अर्जुन पोखरेल, पश्चिमाञ्चल अटोमोबाइल डिलर्स एशोसिएशनका अध्यक्ष माधवप्रसाद पौडेल, मेनकाजी गुरुङ, मिलन सुवेदी, पुरुषोत्तम पराजुली, परमेश्वर बराल, सुरेश श्रेष्ठ, डिआर पोखरेल, काशी सुवदी सदस्य रहेका छन् । समितिको सल्लाहकारमा संघका पूर्व अध्यक्ष कृष्णमोहन श्रेष्ठ, पोखरा उद्योग वाणिज्य संघका कार्यसमिति सदस्य नारायण कोइराला, गुहलक्ष्मी ग्यांस कम्पनीका अध्यक्ष धर्म बर्तौला, लोकदोहोरी प्रतिष्ठानका संरक्षक प्रजापति पराजुली र लोकदोहोरी प्रतिष्ठानका केन्द्रीय सदस्य चोलेन्द्र पौडेल सदस्य रहेका छन् ।

मेलाको अवसरमा फागुन २४ गते सातवटा विभिन्न देशका समूहले सांस्कृतिक प्रस्तुति समेत दिनेछन् । स्टोनिया, मेक्सिको, श्रीलंका, इण्डोनेसिया, बंगलादेश र भारतकी पञ्जाब र गुजरातको सांस्कृतिक टोलीको प्रस्तुति बेजोड हुने आयोजकको अपेक्षा रहेको छ । जिल्ला उद्योग वाणिज्य संघ स्तरीय लोकदोहोरी प्रतियोगिता अन्तर्गत पाल्पा, धादिङ, बारुङ, पर्वत, म्याग्दी, गोर्खा, तनहुँ, कास्की र लेखनाथको टोली रहने सांस्कृतिक उप-समिति संयोजक खड्काले जनाए ।

यता, मेलाअन्तर्गतको यातायात व्यवस्थापन उपसमितिले समेत आफ्नो तयारीलाई अन्तिम अवस्थामा पुऱ्याएको छ । यातायात व्यवस्थापन उपसमितिका संयोजक तथा संघका कार्यसमिति सदस्य सुनिल गुरुङका अनुसार मेला अवलोकन गर्न आउने दर्शकहरुको सुविधालाई ध्यानमा राखी जिल्लाका विभिन्न ठाउँबाट छुट्ने बसहरुलाई नयाँबजारको रुटमा ल्याउने निर्णय गरिएको छ। यसैगरी मेलाको प्रचारप्रसारको लागि नगर बसहरुमा मेलाबारेको जानकारी दिने प्रचार सामाग्री समेत राखिएको छ । मेलाको बेला रातीसम्म पनि सार्वजनिक बसहरु संचालनको तयारी गरिएको संयोजक गुरुले जनाए । पोखरा उद्योग वाणिज्य संघका महासचिव रवीन्द्रबहादुर पुजुको उपस्थितिमा भएको सो समितिको बैठकले मेलामा आउने दर्शकलाई यातायातमा सास्ती भोग नपरोस् भन्नेमा सचेत रहने निर्णय समेत गरेको छ ।

संघका कार्यसमिति सदस्य सुनिल गुरुङ संयोजक रहेको यातायात व्यवस्थापन उपसमितिमा जीतबहादुर गुरुङ, ओम बस्नेत, क्षेत्रबहादुर राना, रामकृष्ण भण्डारी सदस्य रहेका छन् भने पोखरा बस व्यवसायी समितिका अध्यक्ष रमेश गिरी, वेगानासातल बस व्यवसायी समितिका अध्यक्ष खेमबहादुर गुरुङ, स्थानीय श्रृंग बस व्यवसायी समितिका अध्यक्ष केदार पौडेल र ट्याक्सी व्यवसायी समितिका अध्यक्ष गान्धीराज गिरि सल्ल्लाहकार रहेका छन् । लगानीको सम्बर्द्धन : उद्योग व्यवसायको प्रवर्द्धन भन्ने नाराका साथ मेलाको आयोजना हुन लागेको हो ।

सगरमाथा महिला समूह जापानमा दर्ता

रीता गुरुङ/गोल्डेन
जापान १६ फाल्गुन ।

जापानको नागोया र टोयोटा क्षेत्रमा बसोबास गर्ने नेपाली महिलाहरुको सक्रियतामा स्थापित सगरमाथा महिला समूह जापान त्यहाँको गैर नाफामूलक संस्था अर्थात नन प्रफिट अर्गनाइजेशनको रुपमा दर्ता भएको छ । संस्थाका अध्यक्ष राधा थापाको अनुसार जापानको टोयटा सीमिन काचुदी सेन्टरमा संस्था विधिवत रुपमा दर्ता भएको हो । यसअघि नेपाली महिलाहरुले स्वतस्फर्त रुपमा संगठित भएर संस्थाको स्थापना गर्नुका साथै जापानमा पुगेका नेपाली महिलाहरुको समस्याको समाधान र नेपालमा समेत विभिन्न सहयोग गर्दै आएका थिए ।

यसैबीच सगरमाथा महिला समूह जापानको प्रथम अधिवेशन हालै सम्पन्न भएको छ । संस्थाको तदर्थ समितिका अध्यक्ष राधा समूहकी अध्यक्ष राधा थापाको अध्यक्षतामा सम्पन्न अधिवेशनले थापालाई नै आगामी कार्यकालका लागि पुनः अध्यक्षमा चयन गरेको छ । अधिवेशनले कार्यसमितिको उपाध्यक्षमा प्रेमिला सिस्देल, सचिवमा लक्ष्मी रेग्मी, सह-सचिवमा निर्मला भट्ट, कोषाध्यक्षमा गीता गुरुङ तथा सदस्यहरुमा सरिता थापा, गरिमा काकी रायमाझी, मुना केसी, कोपिला आचार्य, जापानी महिला मियाजाकी हिरोमी, लिला थापा, अनु पौडेल कडेल, रोजिना श्रेष्ठ, भावना पौडेल र सिर्जना भण्डारीलाई चयन गरेको छ ।

अधिवेशनको उद्घाटन गर्दै एनआरएन एशिया प्यासीफिकका उप-संयोजक गोविन्दप्रसाद श्रेष्ठ र एनआरएन आईसीसी सदस्य पारसमणि पोखरेलले परदेशमा आएर पनि महिलाहरुले समाजसेवाको क्षेत्रमा सक्रियता देखाउनु र संगठित बन्नु स्वागतयोग्य कदम भएको बताए । कार्यक्रममा संस्थाका सल्लाहकार राजेन्द्र थापा, जनजाति महासंघका अध्यक्ष कान्छा शेर्पा, अनेसार जापानका अध्यक्ष विष्णु प्रसाद घिमिरे, तोयोगावा नेपाली समाजका अध्यक्ष दिपक केसी, चितवन समाजका अध्यक्ष सरोज कँडेल, बागलुङ समाज जापानका अध्यक्ष राजीवन थापा राजु र विमल अधिकारी लगायतले आ-आफ्नो भनाइ राखेका थिए । संस्थाको प्रगति प्रतिवेदन संस्थाकी उपाध्यक्ष प्रमिला सिस्देल र आर्थिक प्रतिवेदन कोषाध्यक्ष गीता गुरुङले प्रस्तुत गर्नेका थिए । कार्यक्रमा स्वागत मन्तव्य लक्ष्मी रेग्मी र कार्यक्रम संचालन प्रमिला सिस्देलले गरेकी थिइन् ।

लेखनाथ महोत्सवमा २० करोडको कारोबार !

गोल्डेन न्यूज संवाददाता
पोखरा १६ फाल्गुन ।

लेखनाथमा जारी महोत्सवमा २० करोड रुपैयाँको कारोबार र ३ लाख दर्शकले महोत्सव अवलोकन गरेको बताइएको छ । महोत्सवको समापन गर्दै क्षेत्रीय प्रशासक शंकर प्रसाद कोइरालाले पर्यटन उद्योगका लागि लेखनाथ संभावनाको क्षेत्र रहेको उल्लेख गरे । प्रशासक कोइरालाले आर्थिक समृद्धिका लागि स्थानीय तथा कृषि उत्पादनमा जोड दिदै, त्यस तर्फ अग्रसर हुन व्यवसायीलाई आग्रह गरे ।

बेगनास, रुपा जस्ता महत्वपूर्ण ताल र सुन्दर डाँडा काँडालाई प्रवर्द्धन गर्न समेत कोइरालाले व्यवसायीहरुलाई आग्रह गरे । संघका अध्यक्ष एवं लेखनाथ महोत्सव मूल आयोजक समितिका संयोजक लक्ष्मी प्रसाद पिपाठीको अध्यक्षतामा भएको कार्यक्रममा आन्तरिक राजस्व कार्यालय पोखराका प्रमुख कर अधिकृत लेखनाथ शर्मा, पोखरा उद्योग वाणिज्य द्वितीय उपाध्यक्ष मिनराज काफ्ले, मुख्य प्रायोजक रुपाकोट रिसोर्टका संचालक पुष्पराज अधिकारी लगायले महोत्सवले शिथिल अर्थतन्त्रलाई चलायमान बनाउन सफल भएको उल्लेख गरेका थिए ।

कार्यक्रममा द्वितीय उपाध्यक्ष कृष्णहरि भण्डारीले धन्यवाद तथा महासचिव छत्रधर आत्रेले संचालन गरेका थिए । सोही अवसरमा क्षेत्रीय प्रशासक कोइरालाले विभिन्न विधाका विजेताहरुलाई पुरस्कार तथा सम्मान प्रदान गरेका थिए । महोत्सवमा उत्कृष्ट अटो स्टलमा एल आई मोटर पार्टस र अटो मेन्चर प्रा.लि भएका छन् । यसैगरी कृषि स्टलतर्फ बेगानास मौरी घार उद्योग प्रथम, प्रतिज्ञा सहकारी संस्था द्वितिय, सन्सा एग्रो फर्म तृतीय र चकदेवी ताजा तरकारी उत्पादक कृषि समूह सान्त्वना भएका छन् । कृषि प्रदर्शनीतर्फ विमला आचार्यको मुला, राजेन्द्र अधिकारीको कुखुरा उत्कृष्ट भएका छन् ।

यस्तै हस्तकलामा नेपाल काफट, रेष्टुरेण्टमा बेलकम धकाली भान्सा घर, फेन्सी तथा गार्मेन्टमा मनिष बस्त्रालय, मेशिनरी तर्फ एक्सपानसीप नेपाल उत्कृष्ट भएका छन् । यसैगरी साधारण स्टल तर्फ कर्माचार्य बेक्स एण्ड फुड्स, संघसंस्था तर्फ गुडलक एग्रो फर्म डेरी तर्फ फिस्टेल डेरी प्रा.लि उत्कृष्ट भएका छन्। यस्तै महोत्सवमा रयाली भयाकौमा तोरी चौर आमा समूह प्रथम, राधा माधव समिति द्वितिय, कुमाल सेरामिक्स निर्माण बहुउद्देश्यीय तृतीय र नेपाल कपडा तथा सिलाई सान्त्वना भएका छन् । यसैगरी मातृशक्ति सम्मानमा माया गरुङ र कमला गरुङको समूह प्रथम, उमा पन्थी र दुर्गा आचार्यको जोडी द्वितिय, गौरी चापागाई र सीता घोषको जोडी तृतीय र गंगा थापा र शान्ति राना मगरको जोडी सान्त्वना भएका छन् ।

यसैगरी गण्डकी तारोको उपाधि कास्की पोखरा कुडहरकी अदिति शर्माले चुमेकी छन् । उनले ५० हजार रुपैयाँ नगद र विभिन्न पुरस्कार प्राप्त गरेकी छन् । साथै उनले चर्चित सांगितकार बसन्त सापकोटको सहयोगमा एक चलचित्रमा पार्श्व गायन गर्ने मौका समेत प्राप्त गरेकी छन् । गण्डकी तारोके उपविजेतामा अनिल वि.क बनेका छन् । उनले २५ हजार रुपैयाँ नगद सहित विभिन्न पुरस्कार हात पारेका छन् ।

गृहमन्त्री बस्नेतद्वारा भेटघाट

गोल्डेन न्यूज संवाददाता
पोखरा १६ फाल्गुन ।

गृहमन्त्री शक्ति बस्नेतले तारा एयरको जहाज दुर्घटनामा ज्यान गुमाएकाको आफन्तसँग भेट गरेका छन् । मन्त्री बस्नेतले जहाज दुर्घटनामा ज्यान गुमाएका पोखरा मासबारका रेवती बराल र पोखरा फूलबारीका मुक्तिनाथ बास्तोलाको परिवारसँग आईतवार भेट गरेका हुन् । परिवारजनसँगको भेटमा उनले दुर्घटनामा ज्यान गुमाएका प्रति श्रद्धान्जली व्यक्त गर्दै शोककुल परिवारजनमा समवेदना प्रकट गरे। मन्त्री बस्नेतले जहाज दुर्घटनाको कारण पत्ता लगाएर आगामी दिनमा त्यस्ता कमीकमजोरी हुन नदिने तर्फ सचेत गराईने बताए ।

मन्त्री समेत परिवारजनले दुर्घटनाको कारण पत्ता लगाएर कमजोरीलाई सुधार्न आग्रह गरेका थिए । आफूहरुले भोगेको जस्तो दुख आगामी दिनमा अरुले भोग्न नपरोस् भन्ने कामना समेत उनिहरुले व्यक्त गरेका छन् ।

मृतक बराल जिल्ला प्रशासन कार्यालय मुस्ताङमा कार्यरत थिए भने बास्तोला मुस्ताङको मुक्तिनाथ गाविसको सचिव थिए । जहाज दुर्घटनामा देशले राष्ट्रसेवक कर्मचारी गुमाएको र सरकारले परिवारलाई उचित न्याय दिने आश्वासन समेत मन्त्री बस्नेतले दिए । पोखराबाट जोमसोमको लागि उड्देको तारा एयरको जहाज गत बुधवार म्याग्दीको दाना र सोलीघोटेभिरमा दुर्घटना हुदा त्यसमा सवार सबै २३ जनाको मृत्यु भएको थियो ।

ठूलाचौर विकास समाजमा दाहाल

पोखरा १६ फाल्गुन ।

ठूलाचौर पोखरा विकास समाजको प्रथम अधिवेशन वार्षिक साधारणसभा सम्पन्न भयो । समाजका आजीवन सदस्य अगज समाजसेवी बलराम दाहालको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा राजनीतिशास्त्र विषयमा विद्यावारिधि गरेका पृथ्वीनारायण क्यापम्स पोखराका उप-पाध्यापक डा. गिरधारी दाहाललाई सम्मान गरिएको थियो । कार्यक्रममा ठूलाचौरमा जन्मधर भएकी साहित्यक्षेत्रमा अग्रणी भूमिका खेलेकी अम्बिका भण्डारी दाहालले साहित्यिक रचना वाचन गरेकी थिइन् । कार्यक्रममा डल्ठी सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष दुर्गादत्त दाहाल, सम्मानित व्यक्तित्व डा. गिरधारी दाहाल, संस्थाका कोषाध्यक्ष महेन्द्रराज दाहाल, सचिव तुलसी दाहाल लगायतले संस्थाको गतिविधि बारे प्रकाश पारेका थिए । कपिलमोर दाहालको अध्यक्षतमा भएको कार्यक्रममा मनोहर दाहालले पनि बोलेका थिए ।

अधिवेशनले तुलसी दाहाललाई अध्यक्षमा चयन गरेको छ । समितिको उपाध्यक्ष भानुभक्त अधिकारी, सचिव मनोहर दाहाल, सह-सचिव रविनाथ दाहाल, कोषाध्यक्ष महेन्द्रराज दाहाल, सदस्यहरुमा कमश :लक्ष्मी दाहाल, दुर्गादत्त दाहाल, किशोर दाहाल , कविता दाहाल, पूजा दाहाल, टंक प्रसाद अधिकारी, भरतराज दाहाल, नारायण प्रसाद अधिकारी लगायत रहेका छन् । अधिवेशनले विभिन्न पाँच वुँदे कार्य योजना प्रस्ताव समेत पारित गरेको छ ।

कालिका बहुमुखीमा हाजिरीजवाफ

गोल्डेन न्यूज संवाददाता
पोखरा १६ फाल्गुन ।

पोखरा-१५ काजीपोखरीमा रहेको कालिका बहुमुखी क्याम्पसमा आइतवार अतिरिक्त हाजिरी जवाफ प्रतियोगिता सम्पन्न भएको छ । पृथ्वीनारायण क्यामपस शिक्षा विभाग अर्न्तगत एम.एड. दोस्रो २०७२ अभ्यास शिक्षणको आयोजनामा उक्त प्रतियोगिता सम्पन्न भएको हो । कक्षा १२ देखि स्नातक तहसम्मका ४ समूहको सहभागीता रहेको उक्त प्रतियोगितामा समूह वि प्रथम, सि दोस्रो, ए तेस्रो र डी चौथो भएको अभ्यास शिक्षणका संयोजक लक्ष्मी अधिकारीले बताए ।

कार्यक्रममा प्रमुख अतिथि बालकृष्ण शर्माले विगतमा भन्दा यसपटको शिक्षण अभ्यास उत्कृष्ट रहेको बताउँदै सफलताको कामना समेत गरे । अभ्यास शिक्षण प्रमुख लक्ष्मी अधिकारीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन अभ्यास शिक्षक सम्झना गिरीले गरेकी थिइन ।

वात्स्यायन वृद्धाश्रमलाई सहयोग

पोखरा १६ फाल्गुन ।

पोखरा फूलबारी निवासी सिर्जना जोजिजुले आफ्नी आमाको सम्झनामा पोखरा १८ वाच्छीवुडुवामा रहेको वात्स्यायन वृद्धाश्रमलाई सहयोग गरेकी छन् । ममतामयी आमा उमालक्ष्मी पधानको ४५औं दिनको पुण्यथिति अवसर पारेर आईतवार वृद्धाश्रमलाई खाद्यान्न हस्तान्तरण गरेकी हुन् ।

त्यस अवसरमा उनले वृद्धाश्रममै पुगेर दाल, चामल, आलु, चिनि, चियापत्ति, फलफूल लगायतका सामाग्री र नगद ३ हजार १० रुपैयाँ वृद्धाश्रमका उपाध्यक्ष रेशम जिसिलाई हस्तान्तरण गरिन् । उनले वृद्धाश्रममा रहेका वृद्ध-वृद्धाहरुलाई जुस र बिस्कुट पनि प्रदान गरेकी थिइइन । उनकी आमाको पर्वतको कुश्मा नगरपालिका १४ आदीमा गत माघ १ गते ६२ वर्षको उमेरमा निधन भएको थियो ।

कमलपोखरीद्वारा बाँस्तोलाको परिवारलाई सहयोग

पोखरा १६ फाल्गुन ।गोल्डेन)

विमान दुर्घटनामा परि निधन भएका मुक्तिनाथ बास्तोलाका परिवारलाई कमल पोखरी बचत तथा ऋण सहकारीले आर्थिक सहयोग गरेको छ । बास्तोलाकी धर्मपत्नी सरस्वती बास्तोला शान्ति सहकारीका शेयर सदस्य हुन् । संस्थाको कल्याणकारी कोषबाट बास्तोलाको परिवारलाई २५ हजार रुपैयाँ सहयोग गरिएको संस्थाका सदस्य शिरोमणि बरालले जानकार दिए । उक्त रकम संस्थाका सल्लाहकार समेत रहेका स्व. बास्तोलाका भाइ टुबराज बास्तोलालाई अध्यक्ष रामबहादुर काकीले हस्तान्तरण गरेका थिए । संस्थाले विपदमा परेका आफ्ना शेयर सदस्यहरुलाई सहयोग गर्नका लागि गतवर्षबाट कल्याणकारी कोष स्थापना गरेको थियो । कोषबाट यस किसिमको सहयोग पहिलो पटक स्व. बास्तोलाको परिवारलाई प्रदान गरिएको हो ।

सहयोग हस्तान्तरण एवं स्व. बास्तोलाको परिवारप्रति समवेदना प्रकट गर्न आइतवार संस्थाका अध्यक्ष रामबहादुर काकी, प्रवन्ध सचालक गोविन्द प्रसाद आचार्य, पूर्व अध्यक्ष तारा बराल, माधव प्रसाद आचार्य, माधव प्रसाद बास्तोला, रमाकान्त सिग्देल, टीकादेवी बराल, शिव बराल सहितको टोली बास्तोला निवास फूलबारी पुगेको थियो ।

मौसमले साथ दिएन प्यारग्लाइडिङलाई

गोल्डेन न्यूज संवाददाता
पोखरा १६ फाल्गुन ।

पोखरामा जारी प्यारग्लाईडिङ को पि-वल्र्ड कप तथा खुल्ला नेपाल प्यारग्लाईडिङ प्रतियोगिता २०१६ अन्तर्गत आइतवार खराब मौसमका कारण डिलो गरि सुरु भयो । खराब मौसमका कारण विहान १० बजे शुरु हुनुपर्ने प्रतियोगिता दिउसो २ बजेपछि मात्र सुरु भएको थियो ।

आइतवार विहानै पोखरा क्षेत्रमा पानी परेर पाँन आकाश खुल्न नसके पछि सञ्चैजसो विहान १० बजेपछि सुरु हुने प्यारग्लाईडिङ २ बजेपछि मात्र सुरु भएको प्राविधिक संयोजक रविन गुरुङले बताए ।

उनका अनुसार आइतवार पुतियो गीहरुको लागि ४४ किलोमिटरको दुरी निर्धारण गरिएको थियो । सराङकोट क्षेत्रको आकास हुदै नौडाडाँसम्मको आकासको क्षेत्रबाट प्रतियोगिहरुले आफ्नो उड्डान गरी खपीदीमा अवतरण गरेका हुन् । आईतवारको खेलमा कुन प्रतियोगीले पाएका अंकको तथ्याङ्क ग्लोवल पोजिजनिङ सिस्टमको आधारमा कम्प्युटरबाट हेर्नुपर्ने भएकोले समयमै नतिजा दिन नसकेको प्राविधि संयोजक गुरुङले बताए ।

प्रतियोगितामा २६ राष्ट्रका प्यारग्लाईडिङ पाईलटहरु सहभागि भएको नाका सचिव संयोजक कृष्ण प्रसाद भण्डारीले बताए ।

कार्यसमितिले...

महासमिति सदस्य एवम् महाधिवेशन प्रतिनिधिले राजधानीमा छुट्टाछुट्टै भेला गरी फरक-फरक धारणासहितको ज्ञापनपत्र केन्द्रीय समितिलाई बुझाएका थिए । कार्यवाहक सभापति रामचन्द्र पौडेलको सभापतित्वमा सम्पन्न बैठकले आगामी महाधिवेशनका लागि तयार पारिएको पाटीको नीति तथा कार्यक्रम पनि सामान्य संशोधनसहित पारित गरेको छ । पौडेलले पेस गरेको नीति तथा कार्यक्रमको प्रस्तावमा केन्द्रीय सदस्य र विभिन्न जिल्लाबाट प्राप्त सुझावलाई थप गरिएको केन्द्रीय सदस्य बालकृष्ण खाडेले जानकारी दिए । कार्यान्वयन गर्न सकिने र पाटीले अपनाउनै पर्ने अत्यावश्यक विषयवस्तुलाई मात्रै राख्ने सुझाव अएको उनले बताए ।

सार्थै, बैठकमा पार्टी का महामन्त्रीको तर्फबाट महाधिवेशनमा पेस गरिने महामन्त्रीको प्रतिवेदनमा पनि छलफल भएको छ । पार्टीको नीति तथा कार्यक्रम केन्द्रीय समितिले पारित गर्नुपर्ने भए पनि महामन्त्रीको प्रतिवेदन भने पारित गर्नुपर्ने बाध्यता छैन । "विधानमा त्यस्तो बाध्यात्मक व्यवस्था त छैन तर सामान्य छलफल गरी आफुलाई लागेका केही सुझाव दिएका छौं"- नेता खाँडले भने । बैठकमा महाधिवेशनको तयारीका बारेमा पनि गम्भीर छलफल भएको नेताहरुले जानकारी दिएका छन् ।r /स

केदारेश्वर मन्दिरमा सरसफाई

गोल्डेन न्यूज संवाददाता
पोखरा १६ फाल्गुन ।

सामुदायिक सेवा एवं सामुदायिक प्रहरी सेवा केन्द्र बैदामले महाशिवरात्री पर्वलाई मध्यनजर गर्दै पोखरा ६ बैदाममा अवस्थित केदारेश्वर महादेव मन्दिरमा आइतवार सरसफाई गरेको छ । केन्द्रका अध्यक्ष हिरु पुनको सभापतित्वमा भएको कार्यक्रममा पोखरा-६ बैदाम टोल समन्वय समितिका अध्यक्ष गिरीराज अधिकारीले सेवा केन्द्रले समाजमा रहेको विभिन्न समस्या समाधान गर्ने देखि केन्द्रले खेलेको भूमिका पति सहाना गरे । कार्यक्रममा पो.उ.म.न.पा. वातावरण शाखा प्रमुख चुडामणि तिवारी, सामुदायिक सेवा केन्द्र जिल्ला समन्वय समिति कास्कीका अध्यक्ष विष्णु बहादुर भट्टराई, बडा प्रहरी कार्यालय बैदामका प्रहरी नायब निरीक्षक मिन खड्का, पश्चिम क्षेत्रीय सशस्त्र प्रहरी गणका प्रहरी नायक निरीक्षक भोलानाथ तिवारी, प्रहरी नायक निरीक्षक सुरेन्द्र सिंह भण्डारी, संस्थाका सल्लाहकार दिपकबीर कुँवर, कार्यक्रम संयोजक गंगा लामिछाने र सचिव हेमप्रसाद तिमिल्सिना लगायतले आ-आफ्नो भनाइ राखेका थिए ।

कार्यक्रममा नेपाल प्रहरी, सशस्त्र प्रहरी, आमा समूहहरु, टोल समन्वय र विभिन्न क्लवका गरी ८० जनाको सहभागितामा १ ट्रक फोहोर संकलन गरिएको थियो ।

कर्मचारी आवश्यकता

पोखराको पृथ्वीचोकस्थित एक प्रतिष्ठित ट्राभल्स कम्पनीका लागि एक महिला कर्मचारी आवश्यक परेको हुँदा पढाइ छोडी बसेका ईच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला । आफ्नै साधन भएकोलाई विशेष प्राथमिकता दिइने छ ।

साथै लेकसाइडस्थित प्रतिष्ठित होटलका लागि सेक्युरिटी गार्ड आवश्यक परेको छ।

सम्पर्क : ९८५६०२०००५

सूचना ! सूचना !! सूचना !!!

गरिमा बचत तथा ऋण सहकारी संस्थाको मिति २०७२ श्रावण ३० गते शनिबार बसेको साधारणसभा तथा पालुवा बचत तथा ऋण सहकारी संस्था लि. को मिति २०७२ असोज २३ गते शनिबार बसेको वार्षिक साधारणसभा निर्णयबाट पारित निर्णयलाई सहकारी प्रशिक्षण प्राप्त भएको पत्रका आधारमा दुवै सहकारी संस्था एकीकरण भइ नयाँ संस्था पालुवा बचत तथा ऋण सहकारी संस्था लि. कायम रहनुका साथै उक्त संस्थाको प्रधान कार्यालय लेखनाथ-१७ मा रहने र सेवा केन्द्र पोखरा-८ न्युरोडमा रहने, एकीकरण पूर्व दुवै संस्थामा रहेको सम्पत्ति, दायित्व, शेयर पुँजी, विभिन्न बैकमा रहेको बैक मौज्दात तथा विभिन्न शीर्षकमा रहेका ऋण तथा बचत रकमहरु नयाँ संस्था पालुवा बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट संचालित हुने व्यहोरा सम्पूर्ण शेयर सदस्य महानुभावहरुका साथै सम्बन्धित संस्थाको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

टुल्कनाथ आचार्य
अध्यक्ष एवं
पालुवा बचत तथा ऋण सहकारी संस्था लिमिटेड

सुनौली पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष प्रधान सम्पादक गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा (सुनौली भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५३२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा